का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ कात्तिक २०८२
शनिबार
15 November 2025
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक २७५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

कभर स्टोरी

# आधा कार्यकालमै तितरबित

**जनक नेपाल र जीवन शर्मा**, काठमाडौं

राजनीतिमा पुराना दल र नेतृत्वको विकल्पको खोजी भइरहँदा गत आमचुनावमा उदाएका रास्वपा, जनमत र नाउपा आधा कार्यकालमै चरम संकटमा पुगेका छन् । नीति र विचारभन्दा अन्तरकलहले दलहरु खिइँदै गएका छन् । एउटै नेताको हैकममा पार्टी चलाउन खोज्दा नयाँ दलहरु तितरबितर हुन पुगेका छन् ।

वैकल्पिक राजनीतिबारे राप्रपाका वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्रको सटिक टिप्पणी छ, 'नेपालीले मेन्यु ओल्टाइपल्टाई हेर्छ । लास्टमा मःम र चाउमिन अर्डर गर्छ ।'

नयाँ दलप्रति रुचि राख्ने तर चुनावका बेला पुरानै दल कांग्रेस, एमाले वा माओवादी केन्द्रलाई भोट हाल्ने प्रवृत्ति रहेको अर्थमा उनले त्यसो भनेका हुन् । उनी स्वयं पनि बिबिसीको लामो जागिर छाडेर वैकल्पिक राजनीतिमा होमिएका थिए । सुरुमा साझा पार्टीबाट राजनीति सुरु गरेका मिश्रले विवेकशील पार्टीसँग एकता गरेर विवेकशील साझा पार्टी बनाए । तर न पार्टीलाई एक ढिक्का राख्न सके, न त विचारमै अडिए । अन्ततः १२ असोज २०७९ मा वैकल्पिक राजनीति छाडेर 'विचारभन्दा माथि देश'को नारासहित दक्षिणपन्थी दल राप्रपामा पुगे । स्विकारिसकेको गणतन्त्रबाट पछाडि फर्किए, जसलाई उनी मध्यम दक्षिणपन्थी भन्दै आएका छन् । दुवैपटक चुनाव लड्दा उनी दुई भिन्न दलबाट सहभागी भए । अर्थात् उनको राजनीति एक आवधिक »» पृष्ठ २ मा

## रविसँगै 'सती' गएको रास्वपा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को जन्म नै रवि लामिछानेको सक्रियताबाट भएको हो । मिडियाबाट आएका, जनताको असन्तोषलाई भाषामा उतार्न सक्ने र परम्परागत दलहरूको सीमित सोचभन्दा परको पात्रका रूपमा उनी उदाए । तर तीन वर्षको अवधिमा रास्वपाको रूपान्तरण हेर्दा स्पष्ट हुन्छ–यो नवोदित दल अहिले पनि रविमाथि लागेका अपराधजन्य आरोपको बचाउमै समय खर्चिरहेको छ । जसले वैकल्पिक राजनीतिलाई अर्थपूर्ण ढंगले अगाडि बढाउन सकेको छैन ।

रास्वपाले ४ मंसिर २०७९ को निर्वाचनमा असाधारण सफलता हात पार्दा जनतामा आशा थियो– अब नयाँ पुस्ताले पुरानो राजनीतिक संस्कार तोड्नेछ । तर सो आशा लामो समय टिक्न पाएन । कारण थियो, पार्टीको सबै निर्णय, प्रचार र ऊर्जा सभापति लामिछानेकै वरिपरि सीमित रहनु । संसद्देखि सडकसम्मका सबै कार्यक्रम उनकै नाममा परिचालित भए । जसरी रास्वपा रवि लामिछानेको वरिपरि घुमिरह्यो, उसैगरी उनीमाथि सार्वजनिक रूपमा प्रश्न घुमिरहे । कतिपय प्रश्न उनको व्यवहारजन्य थियो भने कतिपय आचरणजन्य छन् । संसद्को चौथो ठुलो दलका रूपमा उदाएलगत्तै उनी उपप्रधान तथा गृहमन्त्री बने । »» पृष्ठ २ मा

> रास्वपाले गत निर्वाचनमा सफलता हात पार्दा जनतामा आशा थियो– अब नयाँ पुस्ताले पुरानो राजनीतिक संस्कार तोड्नेछ । तर सो आशा लामो समय टिक्न पाएन ।

## श्रीमान्–श्रीमतीको झगडाले 'कोमा'मा नाउपा

राजनीतिमा शक्ति-संघर्षको नसा कुन हदसम्म लाग्छ भन्ने रेशम चौधरी र रन्जिता श्रेष्ठले देखाएका छन् ।

टीकापुर घटना (७ भदौ, २०७२)का मुख्य योजनाकारका रूपमा जन्मकैदको सजाय भोगिरहेका चौधरी जेलमै रहेका भए सम्भवतः नागरिक उन्मुक्ति पार्टी अहिलेसम्म सग्लै रहन्थ्यो । पश्चिम तराईमा उठेको थरुहट आन्दोलनको मर्म र एजेन्डा पनि उसैसँग हुन्थ्यो । राष्ट्रपतिबाट सजाय मिनाह गराएर जसै उनी जेलबाहिर आए, नाउपामा कहिल्यै शान्ति भएन । एजेन्डा तुहियो, संगठन अस्तव्यस्त भयो । २०७९ को आमचुनावमा पश्चिमबाट उदाएको एउटा दल विघटनको संघारमा पुगेको छ ।

थरुहट आन्दोलन सात प्रहरी र एक बालकको ज्यान जानेगरी भड्किएपछि थारु समुदायका सयौंले यातना भोग्नुपर्‍यो । छानिछानी घरमा आगो लगाइयो । जथाभावी मुद्दा चलाइयो । त्यो राज्य दमनविरुद्ध जेलभित्रैबाट चौधरीले पार्टी खोले । तर वैधानिक रूपमा दल दर्ता गर्न उनी अयोग्य थिए । आफू संरक्षक बसेर उनले १९ पुस २०७८ मा श्रीमती रन्जिता श्रेष्ठको अध्यक्षतामा दल दर्ता गराए । त्यतिन्जेलसम्म रन्जिता खासै चिनिएकी थिइनन् । नाउपाले सय दिनमै कैलालीमा चमत्कार गर्‍यो । »» पृष्ठ २ मा

## अहम्ले जनमत सिध्याएका सिके

पृथकतावादी आन्दोलन त्यागेर वैधानिक राजनीतिमा अवतरण गरेका चन्द्रकान्त राउत 'सिके' २०७५ यता राजनीतिक चर्चाका पात्र बनेका छन् । सात वर्षअघि निकै उत्साहका साथ उनकै नेतृत्वमा जनमत पार्टी स्थापना भयो । उक्त दलप्रति एउटा समुदायको ठुलै अपेक्षा थियो भन्ने पुष्टि गत आमचुनावले गर्‍यो । चुनावमा भाग लिएकै वर्ष जनमत राष्ट्रिय पार्टी बन्यो । मधेस आन्दोलनका शीर्ष नेता उपेन्द्र यादवलाई पराजित गर्दै सिके जबर्जस्त उदाए । नयाँ आशा लिएर त्यसरी उदाएको उनको दल एक कार्यकाल पूरा नगर्दै चार टुक्रामा विभाजित भएको छ । जतिसुकै पानीमाथि ओभानो बन्न खोजे पनि यसको मूल कारक स्वयं सिके राउत नै हुन् ।

मधेसलाई नेपालबाटै अलग गरेर स्वतन्त्र राज्यको पहिचान दिने पृथकतावादी नारा बोकेर राजनीतिमा आएका राउत लिखित दस्तावेज लिएर राष्ट्रसंघसम्म पुगेका थिए । तर देशद्रोहको मुद्दामा पक्राउ परेपछि उनले पृथकतावादी आन्दोलन त्यागे । तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले २०७५ मा उनलाई मूलधारको राजनीतिमा अवतरण »» पृष्ठ २ मा




वैदेशिक रोजगार विशेष

## युरोपेली मुलुकका मागपत्र प्रमाणीकरण नभएकोमा व्यवसायीहरू आक्रोशित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ कात्तिक

करिब साढे दुई वर्षदेखि युरोपेली मुलुकको मागपत्र प्रमाणीकरणको समस्या समाधान नहुँदा वैदेशिक रोजगार व्यवसायीमा आक्रोश बढेको छ ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावलले मागपत्र प्रमाणीकरणका लागि करिब नेपालका ३० वटा म्यानपावर कम्पनीले मागपत्र प्रमाणीकरण शुल्क बापत डेढ वर्षअघि नै ६६ हजार ६ सय ५ रुपैयाँका दरले राजस्व बुझाइसकेको भएपनि मागपत्र प्रमाणीकरण हुन नसकेको बताए ।

वैदेशिक रोजगारीमा संस्थागत रूपमा जाने श्रमिकको मागपत्र परराष्ट्र मन्त्रालयअन्तर्गत विदेशमा रहेका दूतावास तथा नियोगमार्फत मागपत्र प्रमाणीकरण गराउनुपर्ने हुन्छ ।

अध्यक्ष रावलले जेनजी आन्दोलनपछि नयाँ सरकार गठन भएपछि व्यवसायीहरूले मागपत्र प्रमाणीकरण सहज रूपमा भई न्याय पाउने अपेक्षा गरेका भएपनि कुनै परिवर्तन नभएको बताए । २०२२ मार्च ८ बाट बन्द भएको »» पृष्ठ ५ मा

### राजदूत तुम्बाहाम्फेविरुद्ध सञ्चारमन्त्रीसमक्ष कोरियामै गुनासो

**काठमाडौं/मस–** गैरआवासीय नेपाली संघ दक्षिण कोरियाले राजदूत डा. शिवमाया तुम्बाहाम्फेले दलीय आस्थाका आधारमा व्यवहार गर्ने गरेको गैरआवासीय संघ राष्ट्रिय समन्वय समिति दक्षिण कोरियाले आरोप लगाएको छ ।

दक्षिण कोरिया भ्रमणमा रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेललाई ज्ञापनपत्र बुझाउँदै संघले राजदूत डा. तुम्बाहाम्फेले एमाले निकट नेपालीहरूलाई पहुँच दिएको जिकिर गरेको छ । »» पृष्ठ ५ मा

सुल्झिएन कांग्रेस लफडा

## शेखर–गगन दृढ, तनावमा संस्थापन




**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २८ कात्तिक

नेपाली कांग्रेसभित्र 'चुनावअघि महाधिवेशन गर्ने कि चुनावपछि ?' भन्ने विवाद पार्टी कार्यालयमा मात्रै सीमित नभई चोकचोकमा पुगेको छ । पार्टी संस्थापन पक्षले प्रतिनिधि सभाको निर्वाचनपछि महाधिवेशन गर्ने तयारी गरिरहँदा संस्थापनइतर पक्षले चुनावअघि महाधिवेशन गर्नुपर्ने दृढता कायम राखेका छन् ।

यससँगै पार्टीका विभिन्न संगठनले केन्द्रीय समितिमाथि दबाबमूलक कार्यक्रम गर्दै आएका छन् । युवा समूह, »» पृष्ठ ५ मा

कभर स्टोरी

# आधा कार्यकालमै तितरबितर



चुनावी कार्यकालसम्म पनि टिकेन । मिश्र मात्र होइन, नेपालमा वैकल्पिक राजनीतिको फसल खासै फस्टाएको छैन । विवेकशील नेपाल सानो दबाब समूहमै सीमित भयो । मिश्रसँग एकता, विवाद र विभाजनपछि सो पार्टी लगभग तितरबितर भइसकेको छ । पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले सुरु गरेको नयाँ शक्ति दुई पात नलाग्दै ओइलायो । माओवादी सशस्त्र विद्रोहका प्रमुख नेतामा पर्छन्, भट्टराई । संविधान सभाबाट ३ असोज २०७२ मा नयाँ संविधान जारी हुँदा उनी संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको सभापति थिए । तर संविधान घोषणापछि 'रातो स्टिकर टाँसेको घर' भन्दै ९ असोजमा सांसदबाट राजीनामा दिएर माओवादी केन्द्र छाडे ।

३० जेठ २०७३ मा दशरथ रंगशालामा ठुलै तामझामसहित नयाँ शक्ति घोषणा पनि गरे । उनको वैकल्पिक दलमा हालका अर्थमन्त्री रामेश्वर खनालसहित पूर्वप्रशासक, कलाकार र थुप्रै विश्लेषकहरू थिए । तर उनको पार्टी शक्ति आर्जन नगर्दै जसपा बन्यो । त्यहाँबाट पनि छुट्टिएर महिन्द्राराय यादवलाई सहअध्यक्ष राखेर नेपाल समाजवादी पार्टी बनाए । श्रीमती हिसिला यमी उपाध्यक्ष र छोरी मानुषीलाई केन्द्रीय सदस्य राखे । उनको दलले गत आमचुनावमा माओवादी केन्द्रको चुनाव चिन्हबाट उम्मेदवारी दियो । त्यो पार्टी न माओवादी केन्द्रमा मिल्यो न त सग्लो रह्यो । झन्डै एक्लिएका भट्टराईले सहअध्यक्ष दुर्गा सोबलाई संयोजक बनाएर नेतृत्व छाडेका छन् । तैपनि उनको राजनीतिक आकांक्षा भने पूरा भएको छैन । शुक्रबार मात्रै उनले माओवादी केन्द्र छाडेको जनार्दन शर्मा-सुदन किराँती समूह र रास्वपा छाडेका सन्तोष परियारसँग नयाँ सहकार्यका लागि सहमति गरेका छन् ।

गत आमचुनावबाटै उदाएका वैकल्पिक दलको हालत पनि भट्टराई र मिश्रभन्दा खासै भिन्न छैन । दल खोलेको छोटो समयमै रवि लामिछाने नेतृत्वको रास्वपाले माओवादी केन्द्र हाराहारीमै मत ल्याएर राष्ट्रिय राजनीतिमा उदाएको थियो । पृथकतावादी बाटो त्यागेर मूलधारमा फर्किएका सिके राउतको जनमत पार्टीले मधेस आन्दोलनबाट उदाएको जसपालाई टक्कर दिएको थियो भने पश्चिम तराईमा रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टी उदाएको थियो । तर यी तीनवटै दल तीन वर्षमै अस्तित्व रक्षाको संकटमा पुगेका छन् ।

## रविसँगै 'सती' गएको...



तर त्यो लामो समय टिक्न पाएन, कारण नागरिकता विवाद । सर्वोच्चको आदेशबाट उनले प्राप्त सबै पद गुमाए । उनको नागरिकतामा प्रक्रियागत त्रुटि थियो, त्यसैले लगत्तैको उपनिर्वाचनबाट उनी भारी मतका साथ संसद्मा फर्किए । नागरिकताभन्दा गम्भीर त्रुटि पासपोर्टमा थियो । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले त्यो मुद्दा फिर्ता लिएपछि अर्को मुद्दा आइलाग्यो, सहकारी ठगी । संसदीय छानबिन समितिले नै उनको संलग्नता देखाउँदै अनुसन्धान गर्न निर्देशन दियो । सरकार फेरिनासाथ सहकारी ठगीको आरोपमा उनीविरुद्ध विभिन्न जिल्लामा मुद्दा चले, जसलाई रास्वपाले राजनीतिक प्रतिशोधका रूपमा चित्रण गर्दै आएको छ । रास्वपाले देशभर हस्ताक्षर अभियान र सभा गऱ्यो । यसले रास्वपालाई तत्कालीक ऊर्जा त दियो तर पार्टीको संस्थागत छवि कमजोर बनायो । जनअपेक्षा थियो, रास्वपाले अब नीति, प्रणाली र सुशासनका मुद्दा उठाओस् । तर पार्टीले त्यसको साटो सभापतिको बचाउमा सारा ध्यान केन्द्रित गऱ्यो ।

यथार्थमा भने लामिछाने अहिले सहकारी ठगी प्रकरणमा जेलमा छन् । यस्तो अवस्थामा पार्टीको अस्तित्व र विश्वसनीयता गम्भीर प्रश्नमा परेको छ । सभापतिको कानुनी अवस्थाले पार्टीको नीति-निर्णय प्रक्रियालाई नै ठप्प पारेको छ । नेता अभावका कारण संगठनात्मक विस्तार र नीति बहस दुवै सुस्त छन् । प्रश्न उठ्छ– के यस्तो संरचनामा रास्वपा पुराना राजनीतिक दलको विकल्प बन्न सक्छ ?

### बाहिरिन थाले विकल्प खोज्ने

रास्वपा पुराना राजनीतिक दलहरूको विकल्प बन्न सक्छ र यसका लागि नेतृत्वको समेत विकल्प खोज्नुपर्छ भन्नेहरू पार्टीबाटै बाहिरिन थालेका छन् ।

अर्थात् रास्वपाले जेलमा रहेका सभापतिको वैकल्पिक नेतृत्व खोज्ने प्रयास गरेको देखिँदैन । हालै चितवनमा सम्पन्न विस्तारित बैठकमा कार्यवाहक सभापति डिपी अर्यालले पेस गरेको राजनीतिक प्रतिवेदनमा स्पष्ट भनिएको छ- 'पार्टीको नेतृत्व आयात गर्न सकिँदैन ।' यो कथन पार्टीको आन्तरिक धारणा मात्र होइन, यसको वैचारिक निर्भरता पनि हो । कुलमान घिसिङजस्ता चर्चित व्यक्तित्वलाई ल्याएर नयाँ नेतृत्व बनाउन सकिन्छ कि भन्ने छलफल तत्कालै अस्वीकृत गरियो । यसको अर्थ, रास्वपाले आफैं स्वीकार गरेको छ कि अहिले पनि यसको अस्तित्व र पहिचान लामिछानेकै वरिपरि केन्द्रित छ ।

परिणाममा रास्वपाका प्रभावशाली नेताहरूले पार्टी छाड्ने क्रम नै बढेको छ । शुक्रबार मात्रै रास्वपाका सचिवालय सदस्य सन्तोष परियारले पार्टी छाडे ।

यस सन्दर्भमा सामाजिक सञ्जालमार्फत रास्वपाका केन्द्रीय सदस्य गणेश कार्कीले भनेका छन्, 'समस्या छन्, समाधान खोजौं । जानेलाई लगाउने आरोप होइन, छोड्नुको कारण खोजौं । सामूहिक प्रयास, सामूहिक निर्णयको अभ्यास गरौं ।'

यसअघि रास्वपा केन्द्रीय सदस्य सुमना श्रेष्ठले पार्टी छाडेकी थिइन् । 'सन्तोषले दोस्रोपटक समानुपातिकमा बस्न नपाउने भए पछि छोड्यो भन्ने होला अब । अस्ति सुमनाले छोड्दा त त्यस्तो नियम बनाएकै थिएन त किन छोडिन् ?,' कार्की सामाजिक सञ्जालमा लेख्छन्, 'सांसद नै नभएका केन्द्रीय सदस्य डा. प्रभात र हरिले छोडे । तिनले के नपाएर छोडे ? अब प्रत्यक्ष जितेकाले पनि छोड्लान्, तिनलाई के भन्ने ?'

अर्थात् रास्वपामा रविकै विकल्पसमेत खोजिन थालेको छ । विकल्प खोज्नेहरू विस्तारै पाखा लाग्न थालेका छन् ।

यसअघि चितवनमा सम्पन्न विस्तारित बैठकमा नेतृत्व परिवर्तनको विषय बहसमा आएको थियो । तर त्यसले निर्णायक रूप लिन सकेन । परिणाममा नेताहरूले पार्टी छाड्ने क्रम बढेको हो ।

### वैचारिक प्रस्टताको खोजी

रास्वपा पुराना दलहरूको विकल्पमा अगाडि देखिन नसक्नुको अर्को कारण हो- वैचारिक प्रस्टता । नेपालको वर्तमान संविधानमा के कस्तो सुधार गर्ने ? प्रदेश संरचना के गर्ने, आगामी राजनीतिक यात्रा कसरी अगाडि बढाउने, आर्थिक नीति के हो ? सामाजिक नीति के हो ? जस्ता प्रश्नमा रास्वपाका प्रतिवेदन मौन रहे । जसले पार्टीलाई वैचारिक प्रस्टता दिएन ।

शुक्रबार मात्रै पार्टी छाडेका नेता सन्तोष परियार पार्टी छाड्नुको कारणमा नेपाली समाजको चरित्रअनुसार पार्टी निर्माण गर्न नसकिएको स्वीकार गर्छन् ।

पार्टीका महामन्त्री कविन्द्र बुर्लाकोटीलाई बुझाएको राजीनामा पत्रमा उनले लेखेका छन्, 'निरन्तर पार्टीमा विचारको बहस गरिरहँदा त्यसलाई स्थापित गर्न नसक्दा मैले आफ्नै कमजोरीका रूपमा लिएको छु ।'

रास्वपाको सदस्य भइरहँदा आफूले पार्टी र देशको हितमा इमानदार प्रयत्न गरेको बताउँदै उनी थप्छन्, 'नेपाली समाजको विशिष्ट बनावट र चरित्रअनुसारको पार्टीको विचार निर्माण गर्न नसकिएकोमा पनि म दुःखी छु ।'

२३ र २४ भदौको जेनजी विद्रोहले नेपाली राजनीतिको परम्परागत जडतालाई खारेज गरिदिँदा समेत रास्वपा वैचारिक प्रस्टताबिना अगाडि बढ्न सक्ने कुरा स्वाभाविक छैन । यसकारण पुराना र नयाँ राजनीतिक दलमा रहेका हरेक व्यक्तिले आगामी नेपाली राजनीतिलाई अझ फराकिलो हिसाबमा सोच्नुपर्ने अवस्था आएको छ । नेपाली राजनीतिक आन्दोलनको पुनर्संरचना, अवधारणाको पुनः परिभाषा र संगठनको पुनर्गठन गर्नुपर्ने ऐतिहासिक जिम्मेवारी नयाँ पुस्ताको काँधमा छ । बदलिँदो परिस्थितिलाई आत्मसात् गर्दै बदलिँदो नेपाली राजनीतिक आन्दोलनलाई साँचो अर्थमा राष्ट्र हित र जनताको जीवनसँग जोड्नलाई सक्नुपर्छ । किनभने वैकल्पिक राजनीति केवल 'नयाँ अनुहार' होइन, त्यो प्रणाली सुधार्ने सोच, सामूहिक नेतृत्व र संस्थागत संस्कारको विकास हो । रास्वपाले सुरुमा त्यही आशा जगाएको थियो तर व्यवहारमा त्यो सम्भावना घट्दै गएको छ । पार्टीले व्यक्तिवादलाई संस्थाभन्दा अगाडि राख्दा नयाँ पुस्ताको उत्साह रास्वपाप्रति घटेको हो ।

## अहम्ले जनमत...



गराएको थियो । सरकारसँग ११ बुँदे सम्झौता गरेका उनले स्वतन्त्र मधेस गठबन्धनको नाम परिवर्तन गरी जनमत पार्टी गठन गरेसँगै स्वतन्त्र मधेशको नारा बिसाए । खुला राजनीतिमा फर्किएपछि उनले सुशासन र किसान आन्दोलनलाई आफ्नो अभियानका रूपमा अघि बढाए । त्यसले उनको पार्टीप्रति मधेसी समुदायको अपेक्षा बढ्यो । फलस्वरूप पहिलो निर्वाचनमै सिके राउतले अपेक्षाकृत सफलता हासिल गरे । स्थानीय चुनावमा कमजोर देखिए पनि प्रदेश र प्रतिनिधि सभातर्फ उत्साहजनक जनमत प्राप्त गऱ्यो ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई सप्तरी-२ बाट पराजित गर्दै संसद् भवन छिरेपछि उनको क्रेज अझै बढ्यो । प्रत्यक्षमा एकसहित ६ सिट जितेर सिके राउत प्रतिनिधि सभा प्रवेश गरेका थिए । मधेसमा चौथो ठुलो दल बनेको जनमत निर्णायक शक्तिका रूपमा उदाएको थियो । १ सय ७ सिट रहेको मधेस प्रदेश सभामा प्रत्यक्ष ६ र समानुपातिक ७ गरी १३ सिट छ ।

मधेसबाट उदाएका नेता राउतको दल संघ र प्रदेश सरकारमा सहभागी भयो । तर उनका अभिव्यक्ति सधैं प्रतिपक्षीय रहे । पछिल्लो समय एमाले-माओवादी केन्द्रको समर्थनमा संसदीय दलका नेतालाई पन्छाएर सतिशकुमार सिंहलाई मुख्यमन्त्री बनाए । तैपनि सरकारप्रति कोही धेरै असन्तुष्ट थियो भने स्वयं राउत नै थिए । अन्ततः उनले सिंहलाई पनि फिर्ता बोलाएर मधेश सरकारमा अस्थिरता निम्त्याए । मुख्यमन्त्री सतिशले छाडेयता धमिलिएको मधेश राजनीति अझै सग्लो भएको छैन ।

झट्ट हेर्दा क्रान्तिकारी देखिने तर भित्रभित्रै उपप्रधानमन्त्री बन्ने आकांक्षाले राउतमा उकुसमुकुस भइरह्यो । चुनाव जितेर आएपछि १० पुस २०७९ मा उनी एमाले-माओवादी गठबन्धन बनाउन एमाले अध्यक्ष केपी ओलीलाई भेट्न बालकोट पुगे । सरकारमा जाने पहिलो सहमति नै उनैले गरेका थिए । तर सम्झौताअनुसार मन्त्री नपाएपछि असन्तुष्टि पोख्दै कहिले मन्त्री फिर्ता बोलाउने त कहिले पठाउने गरिरहे । उनले राम्ररी पार्टी चलाउन पनि सकेनन् । समानुपातिक सांसद् फेर्न सभामुखसँग संघर्ष गर्दैमा उनले धेरै समय खर्चिए । विवाद बढ्दै जाँदा अध्यक्ष राउतले पार्टीका उपाध्यक्ष दीपक साह र कोषाध्यक्ष सुरेन्द्रनारायण यादवलाई स्पष्टीकरण सोधे । उनीहरूले दिएको स्पष्टीकरणको जवाफ चित्त नबुझाएर पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरे । त्यसबेला खानेपानी मन्त्रीमा पठाएका नेता नेता अब्दुल खानसँग पनि उनको कुरा मिलेन । अहिले उनी पार्टी छाडेर रेशम चौधरी संरक्षक रहेको नाउपा नेपालमा गइसकेका छन् । अन्ततः उनको पार्टी विभाजन भई छाड्यो । पार्टीको अस्तित्व गुम्दै जाँदा उनी एक्लिएका छन् ।

'सिकेजीको शैली, व्यवहार र ढंगले पार्टी संगठन चल्दैन भनेर हामी त्यहाँबाट अलगिएका हौं,' खानले भने, 'अध्यक्ष राउतको तानाशाही प्रवृत्तिले आफूहरू पार्टीमा बस्न नसकेर निस्किएका हौं ।' गत भदौ २३ र २४ को जेनजी आन्दोलनपछि असोज १ गते उपाध्यक्ष खान, प्रवक्ता डा. शरतसिंह यादवलगायत नेताहरूले राउतलाई २४ घण्टाभित्र अध्यक्ष पदबाट राजीनामा दिन अल्टिमेटम दिएका थिए । तर राउतले उल्टै पार्टी छाडेर जान निर्देशन दिएपछि झगडा गरेर नबस्ने भन्दै उनिहरू पार्टीबाट बाहिरिएको उनी बताउँछन् । 'जेनजी आन्दोलनको म्यान्डेटअनुसार हामीले उहाँलाई पार्टीको नेतृत्व अरूलाई सुम्पिन्न आग्रह गऱ्यौं,' खान भन्छन्, 'तर उहाँले हामीलाई नै पार्टी छाडेर जान भनेपछि हामी निस्किएका हौं । कारबाहीमा परेर निस्किनुभन्दा आफैं राजीनामा दिएर निस्कनु राम्रो ठानेर हामी जनमतबाट बाहिरिएका हौं ।'

> खुला राजनीतिमा आएको तीन वर्षमै पार्टीमा एक्लिदै गएपछि राउतले पुरानै मुद्दा खोतल्न थालेका छन् ।

जनमत पार्टीबाट विद्रोह गरेकाहरूले दीपक साहको नेतृत्वमा जनस्वराज पार्टी गठन गरेका छन् भने कैलाश महतोको नेतृत्वमा स्वाधीन मधेस जनअभियान बनाएका छन् । पूर्वमन्त्रीसमेत रहेका पार्टीका पूर्वउपाध्यक्ष अब्दुल खान अहिले बेग्लै छन् । उनी नयाँ दल बनाउने कि कुनै दलबाट चुनावमा जाने भन्ने विषयमा छलफल गरिरहेको बतउँछन् । 'हामीले छुट्टै पार्टी गठन गर्न सक्छौं वा कुनै पार्टीमा सामेल हुन सक्छौं । त्यसबारेमा छलफल गरिरहेका छौं,' खानले मध्यान्हसँग भने ।

खुला राजनीतिमा आएको तीन वर्षमै पार्टीमा एक्लिदै गएपछि राउतले पुरानै मुद्दा खोतल्न थालेका छन् । अहिले मधेस सरकार गठनमा भएको तनावप्रति लक्षित गर्दै राउतले 'नेपाली उपनिवेशवाद'विरुद्ध मधेस स्वराजको नारा दिन थालेका छन् । यसले फेरि मधेशमा अशान्ति हुने खतरा बढेको मधेशको राजनीतिका जानकार बताउँछन् । वरिष्ठ पत्रकार राजेश कर्ण सिके राउतको पृथकतावादी आन्दोलनलाई ब्युताउन खोजे त्यसबाट मधेशमा केही असहज परिस्थिति निम्तिने बताए 'मधेसमा पार्टीबाट विभाजन भएर गएकाहरूको भन्दा सिकेकै बढी बोलवाला चल्छ । फेरि पनि मधेशलाई स्वतन्त्र बनाउने कुरा उठाए भने केही न केही असहजता त पक्कै हुन्छ,' उनले भने, 'तर उनको तेज पहिलेजस्तो छैन ।'

## श्रीमान्–श्रीमतीको...



टीकापुर नगरपालिकासहित चार पालिका जितेर काठमाडौंलाई नयाँ सन्देश दियो । त्यो जितको लहर ४ मंसिरको चुनावमा पनि रोकिएन । अध्यक्ष श्रेष्ठ कैलाली १ बाट निर्वाचित भइन् । उनीसहित प्रतिनिधि सभामा चार र प्रदेश सभातर्फ सुदूरपश्चिममा ७, लुम्बिनीमा ४ र मधेसमा १ सांसद् निर्वाचित भए । रोचक त रेशम-रन्जिताको पार्टीले पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादी पार्टीको हाराहारीमा मत प्राप्त गऱ्यो । एकीकृत समाजवादीले २ लाख ९८ हजार ३ सय ९१ मत पाउँदा नागरिक उन्मुक्ति पार्टीले २ लाख ७१ हजार ७ सय २२ मत प्राप्त गरेको थियो । ३ प्रतिशत थ्रेसहोल्ड नकटेपछि दुवै दल राष्ट्रिय दल बन्न सकेनन् ।

त्यतिन्जेलसम्म ठिकठाकै थियो । जसै प्रदेश र संघमा नयाँ सरकार बनाउने खेल सुरु भयो, संसदीय अंकगणितको फोहोरी खेलमा नाउपा नराम्ररी फस्यो । आफू निर्णायक रहेको सुदूरपश्चिम प्रदेशमा सरकार एक महिनामै सरकार ढालेर सामर्थ्य देखायो । तर नाउपाबाट मुख्यमन्त्री बन्ने मौकामा आपसी कलहले बहुमत जुट्न सकेन । कांग्रेस र एमालेले मुख्यमन्त्रीमा समर्थन गर्दासमेत रेशम-रन्जिता एक ठाउँ उभिन सकेनन् । रेशमले लक्ष्मणकिशोर चौधरी र रञ्जिताले कैलाश चौधरीलाई अघि सार्दा दुवैको पक्षमा बहुमत पुग्न सकेन ।

रन्जिता १७ चैत २०७९ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री नियुक्त भएको पनि रेशमलाई मन परेको थिएन । तर उनी सम्मिलित क्याबिनेटकै सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले बाँकी कैद मिनाह गर्दै १५ जेठ २०८० मा चौधरी जेलबाट छुटे । रेशम-रन्जिताको विवाद सतहमा आएको त्यसपछि हो ।

जेलबाहिर आएलगत्तै रेशमले पार्टी नेतृत्व नामसारी गर्न खोजे । त्यसका लागि ३ माघ २०८० मा टीकापुरमा राष्ट्रिय सम्मेलन गरियो । उनी सर्वसम्मत भए पनि महासचिवलगायत पदाधिकारी टुंग्याउन झन्डै १० दिन लाग्यो । सम्मेलनले चौधरीको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित गऱ्यो । तर जन्मकैद पाएको व्यक्ति अध्यक्ष त परको कुरा साधारण सदस्य बन्न अयोग्य हुने भन्दै निर्वाचन आयोगले नयाँ कार्यसमिति नै बदर गरिदियो । नेतृत्व हस्तान्तरण गरिसकेकी रन्जिता पुनः अध्यक्ष फर्किइन् ।

२१ फागुन २०८० मा एमाले र माओवादी केन्द्रको नयाँ गठबन्धन बनेपछि त्यसलाई समर्थन गर्ने वा नगर्ने भन्ने विवादमा नाउपा फस्यो । खासगरी सुदूरपश्चिम प्रदेशमा कांग्रेस नेतृत्वको सरकारको पक्ष वा विपक्षमा जाने भन्नेमै दुई मत भयो । ३० फागुनमा रेशमले सामाजिक सञ्जालबाटै रन्जितालाई सम्झाउने कोसिस गरे, 'अरे लाटी, टीकापुर घटनापछि पनि प्रचण्ड दुईचोटि प्रधानमन्त्री भएकै थिए, हाम्रो मुद्दामा उनको सहानुभूति जरुर थियो तर हामी रिहा भएनौं नि । अहिले पनि कसैको कृपाले राजबन्दी रिहाइ गरेका होइनन्, २ लाख ७८ हजार जनताको भोटले हामी रिहाइ भएका हौं र तिमी पनि मन्त्री भएकी हौ ।'

रेशमले सम्झाएर सम्झिने मुडमा रन्जिता थिइनन् । श्रीमान-श्रीमतीको अहम्ले निम्तिएको कलहले १९ चैतमा त हातपातकै स्थिति पैदा गऱ्यो । त्यसपछि हो, रन्जिता र रेशम दुवैले एकअर्कालाई सार्वजनिक मञ्चबाटै आलोचना गर्न थालेको । एमाले-माओवादी केन्द्रको त्यो गठबन्धन चार महिनामै भत्कियो तर नाउपाको घरझगडा सकिएन ।

ओरालो लागेका रेशमलाई सर्वोच्चका अधिकृत महिमानसिंह विष्टको सनकले समेत लखेट्यो । सात महिनाअघि १७ वैशाखमा उनी सिके राउतको जनमत पार्टीसँग एकता गर्दै थिए । घोषणा सभाका लागि उनी प्रज्ञाभवन पुगिसकेका थिए । तर प्रहरी सर्वोच्चको पक्राउ पत्र लिएर पुग्यो । उनलाई डिल्लीबजार कारागार लगियो । केही घण्टापछि सर्वोच्चले विष्टको सो पत्र अनधिकृत भनेपछि बल्ल उनी छुटे । त्यतिन्जेलसम्ममा नाउपा र जनमत पार्टीको एकता फेरि नहुनेगरी तितरबितर भइसकेको थियो ।

> एमाले-माओवादी केन्द्रको त्यो गठबन्धन चार महिनामै भत्कियो तर नाउपाको घरझगडा सकिएन ।

विवादको उत्कर्ष १४ साउन २०८२ मा गरिएको राष्ट्रिय भेला बन्न पुग्यो । सो भेलाले रन्जितालाई अध्यक्षबाट हटाएर रेशमका बुवा लालवीर चौधरीलाई अध्यक्ष बनायो । त्यसलाई पनि निर्वाचन आयोगले वैधता दिएन । फलस्वरूप २७ साउनमा रन्जिता पुनः अध्यक्षमा फर्किइन् । उनीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको मुद्दा पनि चलाएको छ । त्यसपछि नै हो, रेशमले नयाँ दल बनाउने तयारी गरेको । जेनजी विद्रोहपछि दल दर्ताको लहर चल्दा बल्ल त्यो तयारीले मूर्त रूप लिएको छ । २९ भदौमा उनले आफू संरक्षक बनेर नागरिक उन्मुक्ति पार्टी नेपाल गठन गरेका छन् । रन्जिताको टिप्पणी छ, 'उहाँ जेलबाट बाहिर आएपछि पार्टी अझ धेरै फैलिनेछ भन्ने ठानेका थियौं । तर झन् समस्यामा पऱ्यो । खै, मैले उहाँलाई बुझिनँ कि उहाँले मलाई बुझ्नुभएन ।'

अहिले आएर रेशम चौधरीलाई लाग्छ, राजनीति अपराधीको हातमा हुँदो रहेछ । उनी भन्छन्, 'संसारमा सबैभन्दा नजिक श्रीमती हुन्छ । श्रीमतीकै लागि बाबुआमा त्याग्नेहरू पनि छन् । तर राजनीतिमा त्यो नहुँदो रहेछ ।' राजनीतिक विवादकै कारण आफ्नो पारिवारिक सम्बन्ध नै बिग्रिएको उनको दुःखेसो छ । 'राजनीतिक सम्बन्ध मात्र होइन, हाम्रो त नाता सम्बन्ध नै समाप्त पारिदियो,' उनले भने ।

# द्रुत गतिमा काम गर्न प्रधानमन्त्रीको निर्देशन



**काठमाडौं/मस-** प्रधानमन्त्री सुशीला कार्कीले हालसम्मको कार्यप्रगति सन्तोषजनक नभएकाले अझै गति बढाएर काम गर्न निर्देशन दिएकी छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेटको कार्ययोजना कार्यान्वयनको समीक्षा बैठकलाई सम्बोधन गर्दै उनले पछिल्लो राजनीतिक परिवर्तन र नयाँ पुस्ताको भावनाअनुसार कार्यशैली परिवर्तन गर्नुपर्ने बताएकी प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

'आमजनताको असन्तुष्टि व्यक्त हुनुको प्रमुख कारण देशमा व्याप्त विभिन्न प्रकारको भ्रष्टाचार र देशको विकासमा देखिएको गतिहीनता र सुस्तता नै हो' प्रधानमन्त्री कार्कीले भनिन्,'सरकारी संयन्त्रमा रहेको अनियमितता र भ्रष्टाचार नियन्त्रणका लागि माननीय मन्त्रीहरू र सचिवहरूलगायत प्रशासनिक नेतृत्वको अहम् भूमिका हुन्छ। आफू स्वच्छ रहन र आफ्नो निकायमा स्वच्छता प्रवर्द्धन गर्न जिम्मेवार भएर लाग्न म यहाँहरूलाई निर्देश गर्न चाहन्छु।'

उनले गत भदौ २३ र २४ गतेको जेनजी पुस्ताको प्रर्दशनबाट सिर्जित असामान्य परिवेश, मनसुनजन्य विपद् र चाडपर्वका लामा सार्वजनिक बिदा जस्ता विविध कारणका बाबजुद केही न केही काम भएकामा सबैलाई धन्यवाद व्यक्त गरिन्। प्रधानमन्त्री कार्कीले भनिन्,'म यहाँहरू सबैलाई धन्यवाद दिन चाहन्छु, मन्त्रालयहरूबाट सम्पादित कार्यहरूको प्रगतिको समीक्षा गर्ने कार्य केवल प्रशासनिक प्रक्रिया मात्र होइन, यो जवाफदेहिताको एक उत्तम अभ्यास हो। यस प्रकारको अभ्यासबाट सरकारको काम र त्यसप्रति जनताको विश्वास र आस्थाको अभिवृद्धि गर्ने अवसर हो।'

सरकारले आफ्नो प्रशासनिक प्रक्रिया सञ्चालन गरिरहने तर त्यसबाट जनताको आकांक्षा सम्बोधन नहुने, सार्वजनिक हितका लागि सरकारी स्रोतसाधन परिचालन भइरहेको उनको भनाइ छ।

'जनताले महसुस गर्न तथा गराउन नसकेका कारण आमनागरिक र विशेषगरी नवयुवा पुस्ताको आक्रोश विध्वंसात्मक रूपमा विष्फोट भएको हामी सबैले प्रत्यक्ष रूपमा देखेका छौँ, यसबाट समग्र सरकारी संयन्त्रले गहिरो पाठ सिक्नुपर्ने देखिएको छ', उनले भनिन्।

उनले मन्त्री र सचिवलगायत सबै जिम्मेवार अधिकारीहरूलाई जनताको अपेक्षा सम्बोधन हुने गरी काम गर्न, आफ्ना मातहतका निकायहरूलाई प्रभावकारी रूपमा परिचालन गरी जनतालाई परिवर्तन र सुधारको महसुस हुनेगरी नतिजा निकाल्न आह्वान गरिन्।

भदौ २३ र २४ गतेको प्रदर्शनको क्रममा क्षति हुन पुगेका सार्वजनिक संरचनाको पुन:निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारू, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरूत्थान र राहतसमेतका लागि आयोजनाको पुन: प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ असोज ५ गतेको बैठकको निर्णयअनुसार सबै मन्त्रालय तथा निकायहरूबाट वार्षिक कार्ययोजना संशोधन हुने क्रममा रहेको प्रधानमन्त्रीको भनाइ छ।

# तीन जेनजी समूहले प्रधानमन्त्रीलाई बुझाए प्रस्तावित सम्झौतापत्र



**काठमाडौं/मस-**'जेनजी मुभमेण्ट अलायन्स', 'काउन्सिल अफ जेन-जी' र 'जेन-जी फ्रन्ट'ले प्रधानमन्त्री सुशीला कार्कीसमक्ष एकीकृत जेनजी आन्दोलनको जनादेश सम्बन्धमा जनआन्दोलनकारी र राज्यपक्षबीचको प्रस्तावित सम्झौतापत्र बुझाएका छन्।

शुक्रबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार पुग्दै जेनजी समूहहरुले प्रत्रानमन्त्री कार्कीलाई सम्झौता पत्रको मस्यौदा बुझाएका हुन्। सम्झौतापत्रमार्फत उनीहरुले देशमा जरा गाडेर बसेको कुशासन, भ्रष्टाचार, दण्डहीनता र सार्वजनिक संस्थानमा व्याप्त अव्यवस्थाका कारण जेन-जी विद्रोह भएको उल्लेख गर्दै आन्दोलनले उठाएका मागहरु सम्बोधन गर्न राज्य गम्भीर हुनुपर्ने उल्लेख गरेका छन्।

सम्झौतापत्रमा जनआन्दोलनमार्फत उठाइएका मागहरूको व्यवस्थापन गर्दै उत्तरदायी, पारदर्शी र जनमुखी शासन व्यस्थित रूपमा स्थापना गर्न सरकार तयार हुनुपर्ने र त्यसका लागि आवश्यक वातावरण बनाउन सबै राजनीतिक दल तथा राज्य संयन्त्रले सहकार्य गर्नुपर्ने उल्लेख छ। आन्दोलनमा दमन गरेका तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकार पक्षका सबैलाई अभियोजन र कारबाही सिफारिस गर्न सरकारले गठन गरेको जाँचबुझ आयोगले गहिरो छानविन तथा अनुसन्धान गर्नुपर्ने समेत उनीहरुको माग छ।

जेनजी समूहहरुले सामाजिक सञ्जालको डिजिटल प्रयोगमार्फत नागरिक सशक्तीकरणलाई नेपालमा दिगो राजनीतिक अभ्यासका रूपमा विकास गर्नुपर्ने आजको आवश्यकता भएको बताउँदै डिजिटल माध्यमलाई जनउत्तरदायी शासन व्यवस्थाको आधार बनाउने प्रस्ताव समेत गरेको छ। प्रस्तावित सम्झौतापत्रमा सामाजिक, आर्थिक, राजनीतिक तथा प्रशासनिक सुधारका विभिन्न रोडम्यापसमेत समेत समावेश गरिएका छन्।

# 'संसद् पुनर्स्थापना, संविधान संशोधन र सर्वदलीय सरकार नै एमालेको रोडम्याप'



**अर्घाखाँची/मस-**नेकपा एमालेका उपमहासचिव तथा पूर्वमन्त्री प्रदीप ज्ञवालीले संसद् पुनर्स्थापना, संविधान संशोधन र सर्वदलीय सरकार गठन नै नेकपा एमालेको स्पष्ट रोडम्याप भएको बताएका छन्। नेकपा एमाले सन्धिखर्क नगरकमिटी अर्घाखाँचीले सन्धिखर्कमा आयोजना गरेको कार्यक्रममा बोल्दै उनले यथास्थितिमा चुनावको कुनै औचित्य नरहेको स्पष्ट पारे।

ज्ञवालीले भने,'संसद् पुनर्स्थापना, संविधान संशोधन र जेन-जीसहितको सर्वदलीय सरकार तथा अर्ली इलेक्सन नै एमालेको रोडम्याप हो।' उनले वर्तमान सरकारले यथास्थितिमा चुनाव गराउन नसक्ने दाबी गरे।

उनका अनुसार असंवैधानिक सरकारले चुनाव गराउने दाबी गरे पनि त्यसका लागि आवश्यक वातावरण निर्माणमा सरकार नलागेको छ। प्रधानमन्त्रीले दलका नेताहरूको अनुहार पनि हेर्न नचाहेको अभिव्यक्तिले नै सरकारले चुनाव गर्न इच्छुक नरहेको देखाएको उनको तर्क थियो।

उपमहासचिव ज्ञवालीले संविधान 'घाइते' अवस्थामा रहेको उल्लेख गर्दै, संविधानले नचिनेका व्यक्तिहरू सरकारमा बसेको आरोप लगाए। उनले चेतावनी दिँदै भने, 'अहिले संविधान घाइते अवस्थामा छ, लोकतन्त्र खतरामा छ। संविधानले नचिनेको सरकार छ र संविधानले अस्वीकार गरेका मानिस सरकारमा छन्। एमालेलाई कमजोर नठान्न सरकारलाई चेतावनी दिन चाहन्छु।'

उनका अनुसार अहिले बामपन्थी एकताको नाममा भएको सहकार्य अस्तित्व संकटमा परेका नेताहरूको व्यवस्थापन मात्र हो। उनले भने, 'प्रचण्डलाई पार्टीभित्रैबाट नेतृत्व छोड्न दबाब थियो। माओवादी नामलाई कसरी व्यवस्थापन गर्ने भन्ने थियो। माधव नेपालहरूको पनि अस्तित्व कमजोर हुँदै गएको थियो। त्यसैले यो एकता अस्तित्व संकट व्यवस्थापनका लागि गरिएको हो।'

ज्ञवालीले विचार मिल्नेहरू एक ठाउँमा हुनु राम्रो भए पनि 'कुण्ठा' बोकेर गरिएको एकताले स्थायी परिणाम नदिने आरोप लगाए। उनले एकताको कार्यक्रममा समेत अर्को पार्टीका नेतामाथि लगाइएका आरोपका आधारमा नै कस्तो पार्टी बन्न लागेको हो भन्ने थाहा पाइने बताए।

कार्यक्रममा उनले शान्तिपूर्ण प्रदर्शनमा निस्किएका विद्यार्थीहरूलाई दुरुपयोग गरिएको आरोप पनि लगाए। उनले भने, 'आज हाम्रो प्रश्न छ, को थिए ती घुसपैठियाहरू जसले भर्खर क्याम्पस पढ्दै गरेका विद्यार्थीहरूलाई मानवढालजस्तो बनाएर संसद् भवन भत्काउन उक्साए ? विद्यार्थीहरूको भावना पवित्र थियो। रुखको हाँगा पनि नभाँच्ने, फूलका बेर्ना पनि नमस्ने, दुवो पनि नमिच्ने भन्दै उनीहरूले शान्तिपूर्ण प्रदर्शन गरेका थिए।' ज्ञवालीले आगामी चुनावमा नेकपा एमालेले बहुमत प्राप्त गर्ने दाबी पनि गरे।

# नेसपा, प्रगतिशील राष्ट्रिय अभियान र सन्तोष परियारबीच पाँचबुँदे सहमति



**काठमाडौं/मस-**राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) परित्याग गरेका नेता सन्तोष परियारले नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) र प्रगतिशील राष्ट्रिय अभियानसँग पाँच बुँदे सहमति गरेका छन्।

आगामी मंसिर ७ गते बृहत् एकता घोषणा कार्यक्रम गर्नेगरी रास्वपाका निवर्तमान प्रमुख सचेतक परियारले सहमति गरेका हुन्। नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का संयोजक दुर्गा सोब र प्रगतिशील राष्ट्रिय अभियानका संयोजक सुदन किराती र नेता परियारले हस्ताक्षर गर्नुभएको सहमतिपत्रमा भनिएको छ,'एकता तथा ध्रुवीकरणका लागि नयाँ बन्ने एकीकृत पार्टीको नाम र चुनाव चिह्न एउटै बनाउन सहमति जनाउँदछौं, देश तथा विदेशमा बस्ने प्रगतिशील, लोकतान्त्रिक, वामपन्थी र देशभक्त शक्तिहरू र विशेषगरी जेनजी पुस्तालाई बृहत् राजनीतिक पुनर्संरचनाको अभियानमा सहभागी हुन आह्वान गर्दछौं।'

सहमतिपत्रमार्फत उनीहरूले भ्रष्ट, अनैतिक र अहंकारी प्रवृत्तिहरूलाई निर्वाचनबाटै परास्त गर्न सम्पूर्ण नयाँ तथा वैकल्पिक शक्तिहरू र नवयुवाहरूलाई हातेमालो गर्न पनि अपिल गरेका छन्।

उनीहरुकाले भनेका छन्,'विभिन्न कालखण्डमा नेपाली जनताले नेतृत्व गरेका सबैखाले मुक्ति आन्दोलनदेखि पछिल्लो जेनजी आन्दोलनसम्मका महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं, घाइते, बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान गर्दै उहाँहरूको सपनालाई पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।'

# धनुषामा वडाध्यक्षको गोली हानी हत्या



**काठमाडौं/मस-** धनुषाको मिथिला बिहारी नगरपालिका-९ का वडाध्यक्ष विन्देश्वर यादवको गोली प्रहार गरी हत्या भएको छ।

मिथिला बिहारी नगरपालिका-९ स्थित अन्दुपट्टीमा १३ औं दिनको मृत्यु संस्कारमा सहभागी हुन गएका वडाध्यक्ष यादवमाथि शुक्रबार साँझ ६ बजे गोली प्रहार भएको थियो। स्थानीय धर्मराज यादवले गालीगलौज गरेपछि विवाद सिर्जना भएको थियो। वडाध्यक्षमाथि धर्मराजकै आफन्त पर्ने प्रहरी जवान शम्भु यादवले गोली प्रहार गरेको बताइएको छ। उनी गोली प्रहारपछि फरार छन्। सप्तरीको एक प्रहरी चौकीमा दरबन्दी रहेका उनी बिदामा घर आएका थिए। बिदामा घर आउँदा उनले प्रहरीकै हतियार बोकेर आएको हुनसक्ने आशंका गरिएको छ।

धनुषाका प्रहरी प्रवक्ता डिएसपी गणेश बलले घटनामा संलग्न रहेको प्रत्यक्षदर्शीको भनाइअनुसार प्रहरीले एकजनालाई नियन्त्रणमा लिएको छ।

घटनामा अन्य सात जना घाइते भएका छन्। घाइतेमध्ये एकजनाको अवस्था गम्भीर छ। वडाध्यक्ष यादव २०७९ मा भएको स्थानीय तहको निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित भएका थिए।

# गण्डकी विश्वविद्यालय पहिलो संशोधन विधेयक बहुमतले पारित




**कास्की/मस-**गण्डकी विश्वविद्यालय पहिलो संशोधन विधेयक, २०८२ गण्डकी प्रदेशसभाले बहुमतले पारित गरेको छ।

प्रदेशसभाको शुक्रबारको बैठकमा विधेयकलाई पारित गरियोस् भन्ने प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकमार थापाले गरेको प्रस्तावलाई सभाको बहुमतले पारित गरेको हो।

यसअघि २०८२ कात्तिक २४ गते प्रदेशसभामा प्रस्तुत भएको विधेयक माथि दफाबार छलफल गरिएको थियो। विधेयक माथिको छलफलमा प्रदेशसभा सदस्यहरू गोविन्दबहादुर नेपाली, महेश भट्टराई, सुशीला सिंखडालगायतले भाग लिएका थिए।

गण्डकी विश्वविद्यालय ऐन, २०७६ लाई समयानुकूल सुधार गर्ने उद्देश्यले तयार गरिएको यस संशोधनले विश्वविद्यालयको नेतृत्व चयन, न्यायिक संरचना र पदाधिकारी नियुक्ति प्रक्रियामा महत्वपूर्ण परिवर्तन गरेको छ।

विधेयकमाथि उठेका प्रश्नको जवाफ दिँदै गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले यस कदमलाई विश्वविद्यालय सुधार यात्राको महत्वपूर्ण उपलब्धि भएको बताए।

गण्डकी विश्वविद्यालयलाई सक्षम, पारदर्शी र प्रतिस्पर्धी शैक्षिक केन्द्र बनाउने दिशामा पारित संशोधनले कानुनी आधार थप सबल बनाएको उल्लेख गर्दै उनले उच्च शिक्षाको गुणस्तर सुधारका लागि यो विधेयक महत्वपूर्ण हुने विश्वास व्यक्त गरे। विधेयकले विश्वविद्यालयको संरचना र पदाधिकारी योग्यता/नियुक्ति प्रक्रियामा विभिन्न संशोधन गरेको छ।

# मिथ्या सूचना नियमनमा सरकारले थाल्यो गृहकार्य




**काठमाडौं/मस-**सरकारले भ्रमपूर्ण र मिथ्या सूचना नियमनका लागि 'गृहकार्य' थालेको छ।

त्यसका लागि गृह मन्त्रालयले नेपाल दूरसञ्चार प्राधिकरण, प्रेस काउन्सिल नेपाल र साइबर ब्यूरोसँग संयुक्त छलफल अघि बढाएको हो। शुक्रबार मन्त्रालयमा भएको सर्वपक्षीय बैठकमा गृहमन्त्री ओमप्रकाश अर्यालले सूचनाको हक र प्रेस स्वतन्त्रतामा कुनै असर नपर्ने गरी सूचनाको अनधिकृत प्रयोग र रोकथामबारे धारणा राखेका थिए।

बैठकले त्यस्ता भ्रामक सूचना नियमनका लागि कार्ययोजना तयार गरी अघि बढ्ने निष्कर्ष निकालेको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए। बैठकमा सहभागीले सामाजिक सञ्जाल र अन्य 'डिजिटल' माध्यमबाट विभिन्न प्रकारका भ्रामक र हानिकारक सूचना तीव्र रूपमा फैलिने गरेको बताएका थिए। त्यस्ता सूचनाले व्यक्तिगत प्रतिष्ठा, संस्थागत छवि, सामाजिक सद्भाव र राष्ट्रिय सुरक्षामा प्रतिकूल असर पर्ने देखिएकाले नियमन आवश्यक भएको उनीहरूको भनाइ थियो।

भ्रामक सूचनाबाट आमनागरिकलाई प्रभावित हुन नदिन 'डिजिटल साक्षरता' अभियानसमेत सञ्चालन गर्नुपर्ने सरोकार भएकाहरूको जोड थियो।

बैठकमा गृहसचिव रामेश्वर दंगाल, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्याल, नेपाल दूरसञ्चार प्राधिकरणका प्रमुख भूपेन्द्र भण्डारी, गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले, प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झविन्द्र भुसाल, नेपाल प्रहरीको साइबर ब्यूरो र नेपाल टेलिकमका प्रतिनिधिलगायत सहभागी थिए।

# मतदाता नामावली दर्ताका लागि पाँच दिन समय थप



**काठमाडौं/मस-** निर्वाचन आयोगले मतदाता नामावलीमा नाम लेखाउनेको चाप बढेपछि पाँच दिन समय थप गरेको छ। प्रधानमन्त्री सुशीला कार्कीले समय थप्न आयोगलाई आग्रह गरेकी थिइन्।

निर्वाचन आयुक्त सगुन शमशेर जबराका अनुसार मतदाता नामावलीमा नाम लेखाउने समय मंसिर ५ गतेसम्म थपिएको हो। आयोगले ३० कात्तिकसम्मको समय दिएको थियो।

प्रधानमन्त्री कार्कीले कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीलाई शुक्रबार टेलिफोन गरेर चाप बढेकाले समय थप्न भनेकी हुन्।

दुई दिन मात्रै समय बाँकी रहेका बेला अत्यधिक चाप बढेर पटक पटक आयोगको सर्भर समेत डाउन हुन थालेपछि नाम लेखाउन चाहनेहरुको गुनासो बढेको थियो। प्रधानमन्त्री कार्कीकै पहलमा मतदाता परिचयपत्रको लिंकलाई राष्ट्रिय परिचयपत्रको तथ्यांकसँग जोडिएपछि झन् चाप बढेको छ।

### साढे दुई लाख बढी मतदाता थपिए

हालसम्म दुई लाख ५७ हजार ५ सय ५ नयाँ मतदाताले मतदाता नामावलीमा नाम दर्ता गराएका छन्।


निर्वाचन आयोगका अनुसार मतदाता नामावली ऐन, २०७३ मा गरिएको संशोधन पश्चात आयोगको असोज ९ गतेको निर्णयानुसार मतदाता नामावलीमा नाम दर्ता गर्ने अवधि यही कात्तिक ३० गतेसम्म कायम गरिएकोमा कात्तिक २७ गतेसम्म कूल दुई लाख ५७ हजार ५ सय ५ नयाँ मतदाताहरूले मतदाता नामावलीमा नाम दर्ता गराएका हुन्।

आयोगले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ, 'पछिल्लो समयमा मतदाता नामावलीमा नाम दर्ता तथा अद्यावधिक कार्यमा देखिएको उत्साहजनक सहभागितालाई मध्यनजर गरी नागरिकको सहजता र सुविधाका लागि आयोगको आजको निर्णयानुसार मतदाता नामावलीमा नाम दर्ता गर्ने अवधि मंसिर ५ गतेसम्मका लागि थप गरिएको छ। थप गरिएको अवधिमा मतदाता नामावलीमा नाम दर्ता गराउन राष्ट्रिय परिचयपत्र प्रयोग गरेर वा साविकमा प्रयोगमा रहेकोमार्फत आवेदन गरी निर्वाचन कार्यालयमा जैविक विवरण (फोटो तथा औँठाछाप) दिएर सेवा लिन सकिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।' राष्ट्रिय परिचयपत्र नम्बर भएका सेवाग्राहीले आवेदन गर्न सकिने र राष्ट्रिय परिचयपत्र नम्बर नभएका सेवाग्राहीले सो दिन आवेदन गर्न नसकिने आयोगले जनाएको छ।

कथा

# त्यो टोपी...

*सियाले हल्का हाँस्दै भनिन्, 'त्यो टोपी म पनि लगाउनेछु ।' आर्यनले आकाश हेर्‍यो, गोधूलि रातो रंगमा रंगिएको थियो । त्यो रंग टोपीको होइन, आत्माको उज्यालो थियो ।*



■ समर शर्मा

जनकपुरको भिडभाड भएको बजारमा सगरमाथा कलेजको गेटअगाडि हिजोआज एउटा नयाँ अनुहार देखिन्थ्यो- आर्यन पन्थ ।

रातो जिन्स, पुरानो ज्याकेट र कहिले काहीँ रातो-कालो चेकको कुर्ता । सबैभन्दा विशेष कुरा, उसको टाउकोमा सधैं एउटा ठुलो रंगीन टोपी हुन्थ्यो ।

कलेजमा कतिपयले उसलाई 'टोपी बाजे' भनेर जिस्काउँथे, कसैले 'म्याड ह्याटर' भन्थे, कसैले त 'फेसबुकको लुच्चा ब्लगर' पनि भन्थे । तर आर्यनलाई ती सब कुरा सुनिँदैनथ्यो वा सुने पनि उसले ठट्टामा उडाउँथ्यो- कम्तीमा मेरो टोपीले त तपाईंहरूलाई कुरा गर्न दिएछ ।

साँच्चै भन्ने हो भने, आर्यनको टोपी मात्र उसको सजावट थिएन, त्यो उसको सम्झना थियो । उसको दाजु आदित्यले विदेश जानुअघि दिएको उपहार । आदित्य कतारको कडा घाम र धुलोबिच हरायो - एक दिन खबर आयो, 'कामको ठाउँमा दुर्घटना भयो, ऊ फर्किंदैन ।'

त्यसपछि आर्यनको हाँसो आधा हरायो । टोपी भने रह्यो । त्यो टोपी ऊ कहिल्यै खोलेन, मानौं त्यसमा दाजुको आत्मा बाँकी छ ।

आर्यन फाइन आर्ट्स पढ्थ्यो । चित्र बनाउने उसको सीप अद्भूत थियो । तर शिक्षक पनि उसको असामान्य बानीका कारण टाढा हुने गर्थे । 'स्मार्ट बन्छस् भने त ठिकै हो तर यस्तो टोपी लगाएर नआइज ?,' प्रोफेसरले हाँस्दै भनेका थिए ।

आर्यन मुस्कुराएर जवाफ दिन्थ्यो, 'सर, कलाकारको रंग टोपीमा होइन, मनमा हुन्छ ।'

त्यो उत्तरले प्रोफेसर मौन भएका थिए तर अरू विद्यार्थीहरू हाँसेका थिए ।

त्यही कलेजमा सिया जोशी नामकी विद्यार्थी नि पनि थिई । सिया पढाइमा तेज, व्यवहारमा शान्त र मनले संवेदनशील ।

सुरुमा ऊ पनि अरूझैं आर्यनप्रति उत्सुक थिई - टोपी लगाउने त्यो केटा, कहिले काहीँ बोटमुनि बसेर केही कोर्थ्यो, कहिले कलेजको गेटबाहिर बालबालिकालाई चित्र कोरिदिन्थ्यो ।



एक दिन सियाको स्केच बुक हरायो । कलेजको क्यान्टिनमा भेटियो - आर्यनको हातमा ।

'तिम्रो हो नि यो ?' उसले भन्यो, 'मैले केही चित्र थपिदिएको छु ।' सियाले पुस्तक खोलेर हेरी, त्यसमा उसको अपूर्ण चित्रमा आर्यनले एउटा नयाँ पात्र कोरेको थियो, एउटा बच्चा जसको हातमा दियो थियो र दियोको उज्यालोले वरिपरिका सबै अनुहार उज्याला देखिएका थिए ।

सियाले सोधी, 'तिमी यस्तो चित्र किन बनाउँछौ ?'

आर्यनले भने, 'अँध्यारो हटाउन कसैले उज्यालो बोक्नुपर्छ, अनि सबैले त्यो उज्यालो देखेपछि मात्रै कसैको रंग बुझ्छन् ।'

त्यो दिनपछि सियाले आर्यनलाई 'टोपी बाजे' होइन, 'टोपी कलाकार' भन्न थाली ।

कलेजको वार्षिक प्रदर्शनी आउँदै थियो । सबै विद्यार्थीहरू आफ्नो उत्कृष्ट कलाकृति तयार पार्दै थिए । आर्यनले भने एउटा ठुलो क्यानभासमा केही दिनदेखि काम गरिरहेको थियो - सबैले देख्थे तर चित्रमा के हुँदै छ, कसैले बुझ्दैनथ्यो । 'ल, हेरौं त टोपी बाजेले फेरि कस्तो विचित्र बनाउँछ !' सहपाठी सन्तोषले व्यंग्य गर्दा सिया रिसाइन् ।

'तिमीहरूले देख्ने होइन, महसुस गर्ने कुरा हो त्यो', उनले शान्त स्वरमा भनिन् । अन्ततः प्रदर्शनीको दिन आयो ।

सबैका चित्रहरू प्रदर्शित भए । जब आर्यनको चित्र खोलियो, सब चुप भए ।

क्यानभासमा एउटा ठुलो भीड कोरिएको थियो - सबै मानिसहरू मुखमा नक्कली हाँसोसहित उभिएका, सबैले टोपी लगाएका, तर सबै टोपीहरू रातो रंगमा रगतले रंगिएका । भिडको बिचमा एउटा सानो बच्चा - टोपीविहीन, मुस्कुराइरहेको । तल लेखिएको थियो- टोपीले होइन, आत्माले मानिस चिनिन्छ ।

त्यो चित्रले हरेक दर्शकलाई केही बेर मौन बनायो । प्रोफेसर सुवेदीले पहिलोपटक आर्यनको काँधमा हात राख्दै भने- तँ साँच्चै कलाकार रहेछस् ।

तर समाज सजिलै परिवर्तन हुँदैन ।

प्रदर्शनीको केही हप्ता पछि आर्यनले सुने - टोपी लगाउने केटा त सियासँग घुम्दै छ रे !

'अब त केटीहरूले पनि त्यस्ता 'फ्रि माइन्ड' केटालाई मन पराउँछन्, हजुर ।' गफ चल्यो र समाजको विष झर्‍यो । सियाको घरमा कुरा पुग्यो ।

उनकी आमा कठोर स्वरमा भन्थिन् - टोपी लगाउने, रातो जिन्स लगाउने, त्यो केटासँग नदेखिनू, है !

सियाले केही बोलिन् । तर भित्रैभित्र रोइन् ।

केही दिनपछि आर्यन अचानक कलेज आउन छोड्यो । सिया छटपटाइन् । अन्ततः ऊ उसको घर पुगिन् - जनकपुरको फूलबारी टोलमा ।

त्यहाँ आर्यन पुरानो काठको कुर्सीमा बसिरहेको थियो, टाउको नांगो । टोपी एकातिर थियो ।

'टोपी कहाँ गयो ?' सियाले सोधी । आर्यनले शान्त स्वरमा भन्यो, 'बाबुको किरिया थियो आज । मैले टोपी बुबाको चितामा राखें ।' सिया स्तब्ध भइन् । आर्यनले थप्यो, 'बाबुले सधैं भन्नुहुन्थ्यो, 'टोपी त अनुशासनको प्रतीक हो', र म सधैं भन्थें, 'टोपी मनको मुक्तिको प्रतीक हो । आज मलाई लाग्यो, दुवै कुरा सही रहेछन् ।'

त्यसपछि ऊ केही समय मौन रह्यो ।

'अब म फेरि नयाँ टोपी बनाउनेछु - जसमा दाजुको सम्झना होइन, बुबाको आशीर्वाद पनि मिसिएको हुनेछ ।'

सियाको आँखामा आँसु भरियो ।

छ महिनापछि, जनकपुर आर्ट ग्यालरीमा एउटा प्रदर्शनी थियो - शीर्षक थियो 'टोपी र आत्मा ।'

आर्यनले त्यहाँ आफ्नो नयाँ चित्र शृंखला देखायो - टोपी लगाएका मानिसहरू, प्रत्येक टोपीभित्र फरक-फरक कथा, दुःख, प्रेम, संघर्ष र आशा । अन्तिम चित्रमा एउटा युवती उभिएकी थिई - हातमा दियो, टोपीमा उज्यालो र अनुहारमा शान्त मुस्कान ।

चित्रको कुनामा सानो हस्ताक्षर थियो - टोपी कलाकार - आर्यन पन्थ ।

त्यो युवती, सियाजस्तै देखिने ।

ग्यालरीको भित्तामा एउटा नोट टाँसिएको थियो - 'हामीलाई हुलियाले होइन, हाम्रो आत्माले चिनोस् । हामीले पहिरन होइन, मन सफा राख्ने हो । टोपी ढाक्छ टाउको- आत्मा ढाक्न सक्दैन ।'

त्यो दिन जनकपुरका धेरैले पहिलोपटक एउटा 'टोपी लगाउने केटा'लाई नयाँ दृष्टिले हेरे । र सियाको आमाले भनिन्, 'सायद टोपी लगाउने केटा गलत होइन, हाम्रो सोच सानो रहेछ ।'

साँझको गोधूलिमा आर्यन ग्यालरीबाट बाहिर निस्कँदा सिया उसको छेउमा उभी थिई ।

उसले सोधी, 'अब टोपी बनाइसक्यौ ?'

आर्यन मुस्कुरायो, 'अझै छैन, बनाइरहेछु । अब यो टोपी एउटा मात्र होइन, सबैका लागि हो ।'

सियाले हल्का हाँस्दै भनिन्, 'त्यो टोपी म पनि लगाउनेछु ।' आर्यनले आकाश हेर्‍यो, गोधूलि रातो रंगमा रंगिएको थियो । त्यो रंग टोपीको होइन, आत्माको उज्यालो थियो ।

कविता

## मेरो देश जलिरहयो



हरि विनोद अधिकारी

जतासुकै बेथिति छ खुसी छैन कसैको मन
भ्रष्टाचारको विरुद्धमा सुरु भयो आन्दोलन

पन्ध्रदेखि सुरु भइ अट्ठाइसभित्र थिए
अरू देशमा जस्तै गरी जेनजी भन्ने नाम दिए

सुती खानी बच्चा भनी सरकारले गिज्याइरह्यो
के गर्छौ र तिमीले भनी संसदबाट चिच्याइरह्यो

भ्रष्टाचार र कुशासनको अन्त्य गर्ने मूल मन्त्र
दुई दिन मै सत्यानाश भो देशको सारा अर्थतन्त्र

सरकारले जनतामाथि अन्धाधुन्ध गोली हान्यो
मैसासुरको पारा आयो सर्वेसर्वा आफै ठान्यो

कहिलेसम्म सहनुपर्ने दादागिरी जनताले
सरकारको दम्भदेखि अब जनता जाग्न थाले

कसको मन सम्हालिन्छ बिच सडकमा छोरो ढल्दा
कोही कसैले रोकेनन् नि अन्धाधुन्ध गोली चल्दा

ताकेजस्तै गोली लाग्यो निधार अनि छातीमाथि
रगतको चोक्टा टिपी देखाउँछ छेउको साथी

युवाहरूलाई हेप्न खोज्दा देशमा आगो बलिरह्यो
निरीह छन् जनता सारा सिंहदरबार जलिरह्यो

घमन्ड र अहंकारले दुई तिहाइको सरकार ढल्यो
कता कसको घुस पैठ भयो न्यायालय पनि जल्यो

इतिहासका दस्ताबेज छानी छानी जलाइदिए
अझैसम्म थाहा छैन जलाउने खै को थिए

७६ को ज्यानै गयो हजारौं छन् घाइते भएका
फर्किएनन् छोराछोरी झोला बोकी स्कुल गएका

मै हुं भन्ने नेता मन्त्री खोजी कार्य चलिरह्यो
निभाउने कोही भएन मेरो देश चैं जलिरह्यो

युवाहरूलाई हेप्न खोज्दा देशमा आगो बलिरह्यो

# यात्रा रोमाञ्चक, छलफल गहन

यात्रा



■ विमल थापा

*यस यात्रामा आफ्ना मोबाइल क्यामेरामा इच्छा मुताबिकका पोज र शैलीमा तस्बिर खिच्ने प्रतिस्पर्धा पनि उत्तिकै थियो हामीमाझ । करिब डेढ घण्टाको पैदल यात्रा (हाइकिङ) पश्चात् हामी ओरालो लाग्दै पुनः आफ्नै गन्तव्य स्थानमा फर्कियौं ।*

व्यस्त दैनिकी, काठमाडौंको कोलाहल अनि जिम्मेवारीलाई समायोजन गर्ने केही तौरतरिकामध्ये संघीय राजधानी काठमाडौंकै आसपासको केही उचाइमा रहेका रमणीय क्षेत्रको बसाइँले शारीरिक र मानसिक रूपमा समेत 'इनर्जाइज' गर्ने कुरामा दुईमत सायदै नहोला ।

त्यसै त सञ्चारकर्म सदैव क्रियाशील अनि समयसीमाको पावन्दीलाई समेत केही पर राखेर गरिने कर्म भएकाले पनि यो अवसर सञ्चारकर्मीहरूका निम्ति महत्वपूर्ण र अपरिहार्यजस्तै मान्न थालिएको छ पछिल्ला दिनहरूमा ।

हप्ताभरिको शारीरिक र मानसिक थकाइ मेटाउने उपयुक्त दिनका रूपमा नेपाली समाजमा विद्यमान रहेको शनिबारको दिन सदुपयोग गर्ने अभिप्रायले नेपाल पत्रकार



मञ्चले संघीय राजधानीनजिकै रहेको रमणीय र पर्यटकीय क्षेत्र चन्द्रागिरी नगरपालिकास्थित नैकाप भिजेल रिसोर्टको दुईदिने (शुक्रबार साँझ पुग्ने शनिबार फर्कने) बसाइँको व्यवस्थापन गरेको थियो ।

काठमाडौंको कलंकीबाट झन्डै ५ किलोमिटरको दूरीमा रहेको सो रिसोर्ट आसपास पुग्दा काठमाडौंका रमणीय दृश्य अवलोकन गर्न सकिन्छ । कलंकीको स्युचाटारको मार्ग हुँदै उचाइमा चढ्दै गर्दा रिसोर्टनजिकै रहेको सेल्फी डाँडाबाट खुला आकाशसहित काठमाडौंको सहरी क्षेत्रको गुचमुच्च आधुनिक भवनलाई पृष्ठभूमिमा राखेर सेल्फी खिँच्दै गर्दा पछ्याइरहेका मित्र नेपाल पत्रकार मञ्चका अध्यक्ष युवराज विद्रोही, पूर्वउपाध्यक्ष चन्द्रमणि भट्टराई, अग्रज पत्रकार राम पौडेल र नारायण आचार्यको आगमनले मलाई झनै रोमाञ्चित बनायो ।

केही सेल्फी खिँच्दै स्थानीय परिवेशको चियापान गर्ने तयारीमा हामी जटिरहेका थियौं । आ-आफ्ना रुचि र स्वादअनुसारको चिया अर्डर गरेर रमाइलो दृश्य अवलोकन गर्दै हामी एकअर्काका तस्बिर खिच्न व्यस्त थियौं ।

अग्रज पत्रकार एवं मध्यान्ह राष्ट्रिय दैनिकका प्रधान सम्पादक मदनकुमार श्रेष्ठ तथा प्रकाशक सीतादेवी श्रेष्ठ टुप्लुक्क आइपुग्नुभयो । उहाँहरूको उपस्थितिले हामीलाई झनै उत्साही बनायो अनि केही थान तस्बिर खिचेर हामी गन्तव्यतिर लाग्यौं ।

हामी पुग्नुअगावै हाम्रो समूहका अधिकांश साथी पुगिसकेका थिए । कार्यक्रमको मूल व्यवस्थापन गरेका नेपाल पत्रकार मञ्चका महासचिव राजु भण्डारीसहितका साथीहरूले हामीलाई औपचारिक रूपमा स्वागत गरे । रिसोर्ट व्यवस्थापनले हाम्रा निम्ति तयार गरेको स्वागतसहितको चिया तथा कफीपानको कार्यक्रमपश्चात हामी निर्धारित कार्यमा जुट्यौं ।

मूलतः सञ्चारकर्ममा रहेका २० जना अग्रज पत्रकारलगायत केही समकालीन सञ्चारकर्मीहरूका निम्ति व्यवस्थापन गरिएको उक्त बसाइ केवल बसाइमा मात्र सीमित थिएन । सञ्चारकर्ममा निरन्तर क्रियाशील सञ्चारकर्मीहरूको जमघटमा केही व्यावसायिक मुद्दामा छलफल गर्ने अभीष्ट पनि हुने नै भयो । सोही मुताबिक छलफलको विषय 'पक्षरहित पत्रकारिता' छनोट गरियो अनि त्यसमाथि गहन छलफल सुरु गरियो ।

छलफलका क्रममा स्तम्भकार डा. भद्रा पराजुलीले पत्रकारिता समाजको ऐना भएकाले मर्यादित र विश्वसनीय पत्रकारिताले नै लोकतन्त्रलाई बलियो बनाउने बताइन् । उनले लोकतन्त्रमा दलहरूको विकल्प नभएको बताउँदै पत्रकारिताले दलहरूलाई सचेत गराउँदै उनीहरूको गतिविधिहरूको पहरेदारीको कामसमेत गर्नुपर्नेमा जोड दिइन् ।

त्यसो त वरिष्ठ पत्रकार मदनकुमार श्रेष्ठले मिडिया हाउस कमजोर हुँदा समाचारमा पनि पक्षधरता आउने बताइरहँदा व्यावसायिक पत्रकारिताका निम्ति पार्टीगत पत्रकार संगठन आवश्यक नभएको बरु पेसागत पत्रकार महासंघलाई नै बलियो बनाउनुपर्ने तर्क गरे । मञ्चका अध्यक्ष युवराज विद्रोहीले पत्रकारहरूको संगठनमा समेत दलहरूको वर्चस्व भएकाले स्वतन्त्र पत्रकार नेतृत्वमा आउन चुनौती रहेको बताए । लोकतन्त्रमा पत्रकारले आस्था राख्न पाउने भए तापनि पत्रकारिता गर्दा उसले राजनीतिक आस्थालाई त्याग्नुपर्ने विद्रोहीको तर्क थियो ।

कार्यक्रममा सहभागी पत्रकार राम पौडेल, चन्द्रमणि भट्टराई, शिरोमणि दवाडी, मनीषा अवस्थी, नारायण आचार्य, राजु भण्डारी, सानु लम्साल, लक्ष्मी भट्ट, सोमविक्रम सिंह, राजेन्द्र प्रजापतिलगायतले नेपाली पत्रकारितामा राजनीतिक दलहरूको प्रभाव न्यूनीकरणका निम्ति सुझाव प्रस्तुत गरे । छलफल कार्यक्रमको औपचारिक समापनपश्चात् रात्रिकालीन प्रहर सुरु भइसकेकाले खानपिनसहित केही रमाइला अनौपचारिक कार्यक्रम सुरु भए । कोही सांगीतिक प्रस्तुतीसहित नाचगानमा मस्त त, केही खानपिनमा व्यस्त । यो क्रम मध्यरातसम्म नै निरन्तर चलिरहेको थियो ।

भोलिपल्ट बिहान प्रभातकालीन अभिवादनसहित बिहानीको चिया/कफीको चुस्की लिएर वरिपरिका रमणीय दृश्यको अवलोकन गर्ने तयारीमा जुटियो ।


हामी भने हाम्रो गन्तव्यबाट झन्डै डेढ किलोमिटरको उचाइमा रहेको स्थानीय विन्दवासिनी भगवती मन्दिर दर्शन गर्न पैदल यात्रातर्फ लाग्यौं । बिहानीपखको स्वच्छ हावामा 'मर्निङ वाक'को बाहनामा हामी स्थानीय विन्दवासिनी देवीको मन्दिरतर्फ लाग्यौं । उक्त मन्दिर परिसरमा फेंदीदेखि 'मर्निङ वाक' गर्दै आउनेहरूको बाक्लै उपस्थिति देखिन्थ्यो । हामी पनि सोही भीडसँग समाहित हुँदै मन्दिर परिसरसम्म पुग्यौं ।

यस यात्रामा आफ्ना मोबाइल क्यामेरामा इच्छा मुताबिकका पोज र शैलीमा तस्बिर खिच्ने प्रतिस्पर्धा पनि उत्तिकै थियो हामीमाझ । करिब डेढ घण्टाको पैदल यात्रा (हाइकिङ)पश्चात् हामी ओरालो लाग्दै पुनः आफ्नै गन्तव्य स्थानमा फर्कियौं । करिब ९ बजेको थियो, बिहानको खाना खाइवरी औपचारिक बिदा भएर हामी आ-आफ्ना गन्तव्यतर्फ हुइँकियौं ।

अत्यन्तै रोमाञ्चक र उपलब्धिमूलक यात्रा अनि बसाइको व्यवस्थापन गर्ने नेपाल पत्रकार मञ्च र रिसोर्ट परिवार धन्यवादका पात्र बनेका छन् ।

कविता

## यस्तै छ यहाँको चलन !



खिमराज गिरी

कोही छन् महलमा कोही छन् खेतबारीमा पसिना चुहाउँदै,
कोही रुन्छन् सडक गल्लीमा त कोही सवार आलिसान गाडीमा,
न त पेट भर्ने अन्न छ कसैको, न त आड र भरोसा यो जीवनमा,
सधैं पटुकी र गुन्यु चोली अनि भरोसा उही धरती अनि गगनमा
हरेक पल छटपटाहट अनि चञ्चल मन, उत्पीडन र जलन,
गरिबको आखिर बोल्ने को रहेछ र, यस्तै छ यहाँको चलन !

नेताको मन बदलिने नीति उही तर भाषणमा शब्द बहाउँदै,
विकासको नारा गुन्जिन्छन् तर मेटिँदैन भोक सपनाले,
विदेशीको दैलो चाहर्दा गर्व हराइसक्यो आत्मसम्मानले,
स्वाधीनताको यो देशमा विदेशी हुकुम यही छ शासन विधान,
जनताको आँसु संसदमा हाँसो, दलदलमा हरायो यो मन
मातृभूमिमा लात हान्दै अझ कराउँछन्, यस्तै छ यहाँको चलन !

युवा बिदेसिए पेटको लागि आमा र बाबाको मन कुँडाउँदै,
बगाए पसिनाको धारा मनभरी सुन्दर भविष्यको सपना सजाउँदै,
तर मौन भएर पनि चर्को चिच्याहट विवेकको छैन सुनुवाइ,
नीति र नैतिकता हराएको देशमा धर्म पनि भयो व्यापारको कमाई,
एक दिन यी आँसुहरूले बाटो देखाउनेछन् बदलिनेछ यो जीवन,
तर विवेकहीन यो समाजको कर्तुत हेर्दा लाग्छ यस्तै छ यहाँको चलन !

उज्यालो सहर अन्धकार ती मनहरू कपटको जालमा रुमलिएका छन्,
सत्य बोल्न डराउनुपर्ने यो समाजमा झुटको सम्मान पचाएका छन्,
मौन भएर पनि चर्को चिच्याहट विवेकको छैन सुनुवाइ,
नीति र नियम हराएको देशमा धर्ममा पनि हुने व्यापारको कमाई,
एक दिन यी आँसुहरूले बाटो देखाउने छन् र बदलिने छ जीवन,
तर आशाको घाममा लाग्ने छ झड्का, यस्तै छ यहाँको चलन !
यस्तै छ यहाँको चलन !

# गौरमा मतदाता नामावली दर्ता गराउनेको उत्साह

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, २८ कात्तिक



रौतहट गौरस्थित जिल्ला निर्वाचन कार्यालयमा मतदाता नामावली दर्ता तथा संशोधन कार्यका लागि शुक्रबार बिहानैदेखि नागरिकहरूको उल्लेखनीय सहभागिता देखिएको छ। आगामी निर्वाचनलाई लक्षित गर्दै निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता नामावलीमा नाम संकलन तथा अद्यावधिक अभियानमा स्थानीयवासीको सक्रिय सहभागिता बढेपछि कार्यालयमा सेवाग्राहीको चाप बढेको हो।

कार्यालय परिसरमा बिहानैदेखि विभिन्न उमेर समूहका पुरुष तथा महिलाहरूको बाक्लो उपस्थिति रहेको छ। नयाँ मतदाता दर्ता गर्न, नाम, ठेगाना वा जन्ममिति जस्ता विवरणहरूमा सुधार गराउन र मतदाता परिचयपत्रका लागि फारम बुझाउन आएका स्थानीयहरू लामो लाइनमा व्यवस्थित रूपमा उभिएका थिए।

जिल्ला निर्वाचन कार्याल रौतहटका प्रमुख छोटेलाल दासले दैनिक सयौं सर्वसाधारणलाई सेवा दिन भ्याई नभ्याई भएको छ। कार्यालय स्रोतका अनुसार मतदाता नामावली संकलन अभियानलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक तयारीहरू गरिए पनि नागरिकको अत्यधिक चापका कारण कामको व्यस्तता निकै बढेको हो।

अभियान सुरु भएदेखि नै हामीले दैनिक सयौं जनालाई सेवा दिइरहेका छौं, एक कर्मचारीले भने, पछिल्ला दिनहरूमा भीड झनै बढेको छ, जसले गर्दा सेवाग्राहीलाई केही समय कुर्नु पर्ने अवस्था आएको छ।

सेवा लिन आएका स्थानीयहरूले भने लामो समय पर्खिनु परेको भन्दै गुनासो गरिरहेका छन्। उनीहरूले सेवा प्रवाहलाई थप चुस्त र सहज बनाउन कार्यालयले थप जनशक्ति तथा व्यवस्थापनमा ध्यान दिनुपर्ने माग गरेका छन्। बिहानैदेखि लाइनमा उभिएका छौं, पालो आउन निकै ढिलो भयो, नाम नबताउने शर्तमा एक सेवाग्राहीले बताए।

यस अभियानमा महिला मतदाताहरूको सक्रिय सहभागिता पनि उत्साहजनक देखिन्छ। आफ्नो नाम दर्ता गराउन वा विवरण अद्यावधिक गराउनका लागि धेरैजसो महिलाहरू पनि लामो लाइनमा धैर्यताका साथ पर्खिरहेका थिए। यसले आगामी निर्वाचनका लागि महिलाहरूको मताधिकार प्रयोगप्रतिको जागरुकता बढेको संकेत गर्दछ।

निर्वाचन कार्यालयले मतदाता नामावली संकलन अभियानलाई तोकिएको समयभित्र सफलतापूर्वक सम्पन्न गर्नका लागि आफ्नो सम्पूर्ण शक्ति लगाएको जनाएको छ।

नागरिकहरूलाई पनि आवश्यक कागजातसहित समयमै कार्यालयमा उपस्थित भई आफ्नो मताधिकार सुरक्षित गर्न आग्रह गरिएको हो।

# अर्घाखाँचीलाई खोरेतमुक्त घोषणा गर्न अभियान सुरु



सूर्य प्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, २८ कात्तिक

अर्घाखाँची जिल्लालाई खोरेत रोगमुक्त जिल्ला घोषणा गर्ने उद्देश्यले सामुदायिक गाई तथा घरपालुवा जनावरका लागि भ्याक्सिन दिने अभियान सुरु भएको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अर्घाखाँचीको आयोजनामा सन्धिखर्क-६, नरपानीमा कार्यक्रम सम्पन्न गरिएको हो।

उक्त कार्यक्रम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख डा.प्रवेश सिंह कुवरको अध्यक्षतामा, सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठको प्रमुख आतिथ्यतामा तथा प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनालको विशिष्ट आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा स्थानीय, गौशालाका कर्मचारी, जनप्रतिनिधि तथा पशु चिकित्सकहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा विज्ञ केन्द्रका प्रमुख डा.कुवरले खोरेत रोग के हो, कसरी सर्छ, खोप लगाएपछि देखिन सक्ने समस्या, रोग पहिचान, उपचार तथा रोकथामका उपायबारे श्रिकृष्ण गौशालाका कर्मचारीलाई जानकारी गराए। त्यस्तै, सन्धिखर्क नगरपालिकाका पशु चिकित्सक डा. नवीन पन्थीले फिल्डमा खटिने प्राविधिकहरूले खोप लगाउँदा ध्यान दिनुपर्ने पक्ष, प्राथमिक क्षेत्र छनोटका विधिहरूबारे सहजीकरण गरेका थिए।

यस अवसरमा नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले खोरेत रोग अन्त्यका लागि खटिएका प्राविधिक र चिकित्सकहरूले इमान्दारीपूर्वक घर-घरमा पुगेर खोप कार्यक्रम सफल बनाउन सके छिट्टै अर्घाखाँचीलाई खोरेत रोगमुक्त घोषणा गर्न सकिने बताए। उनले स्थानीय सरकार, जनप्रतिनिधि सबैजना गम्भीर भएर यो अभियानमा जोडिनुपर्ने धारणा राखे।

लुम्बिनी प्रदेश सरकारको खोरेत रोगमुक्त जिल्ला अभियानअन्तर्गत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अर्घाखाँचीले जिल्लाभर ६४ जना खोपकर्ता नियुक्त गरी घर-घरमा खोप अभियान जारी राखेको डा. हकिकत अलिले जानकारी दिए। केन्द्रका प्रमुख डा. कुवरका अनुसार जिल्लाभर गाई, गोरु, भैंसी, बाख्रा, भेडा र बंगुरमा पूर्ण खोप लगाइनेछ। खोप लगाएपछि पशु स्वास्थ्य सुधार हुने, कृषकको आम्दानी वृद्धि हुने र उत्पादन भएको मासु तथा अन्य वस्तु विदेश निर्यात गर्न सकिने बताएका थिए।

# हिउँचितुवा पीडितलाई राहत

**मुस्ताङ/मस-** राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय (एक्याप) जोमसोमद्वारा यहाँका हिउँचितुवा पीडित २६ घरधुरीलाई वन्यजन्तु क्षति राहत हस्तान्तरण गरिएको छ। एक्यापले संरक्षित हिउँचितुवा र चितुवाको आक्रमणबाट पशुधनमा भएको क्षति राहत सम्बन्धित घरधुरीको बैंक खातामा भुक्तानी गराएको जनाएको छ। जोमसोमस्थित एक्याप कार्यालयमा आयोजित वन्यजन्तु संरक्षण सचेतना गोष्ठी तथा राहत वितरण कार्यक्रममा कार्यालय प्रमुख एवं संरक्षण अधिकृत राजेश गुप्ताले दुई वर्षदेखि रोकिएको वन्यजन्तु क्षति राहत सम्बन्धित पशुपालक घरधुरीलाई वितरण गराई भौचर हस्तान्तरण गरिएको जानकारी दिए।

आव २०८०/८१ र आव २०८१/८२ मा वारागुङ मुक्तिक्षेत्र, घरपझोङ र थासाङ गाउँपालिकाका गरी कूल २६ घरधुरीको १११ पशुधन क्षति भएवापतको रु १३ लाख १८ हजार राहतस्वरुप हस्तान्तरण भएको जनाइएको छ। कार्यालय प्रमुख राजेश गुप्तका अनुसार पछिल्लो दुई आर्थिक वर्षमा वन्यजन्तु क्षति राहत रकम पाउन नसकेकालाई एक्यापको वन्यजन्तु क्षति राहतको आपत्कालीन कोषबाट सम्बोधन हुने गरी राहत उपलब्ध गराइएको हो।

# चितवन मेडिकल कलेजमा 'रोबोटिक सर्जरी'

**चितवन/मस-** चितवन मेडिकल कलेज (सिएमसी) शिक्षण अस्पतालले रोबोटिक सर्जरी सेवा सुरु गरेको छ। मोफसलमा रहेर अत्याधुनिक सेवा भित्र्याउँदै आएको सिएमसीले नेपालमै दोस्रो रोबोटिक सर्जरी सेवा सुरु गरेको हो।




रोबोटिक तथा युरो सर्जन डा.प्रतीकमान सिंह गुरुङ, जिआइ सर्जनहरु डा विशाल आचार्य र डा.रोहितकुमार मिश्रको नेतृत्वमा रोबोटिक सर्जरी सुरु गरिएको छ। अस्पतालमा हालसम्म १४ वटा रोबोटिक सर्जरी गरिसकिएको अस्पतालले जनाएको छ।

रोबोटिक तथा युरो सर्जन डा.गुरुङका अनुसार चिरेर गरिने शल्यक्रिया र दुरविन प्रविधिबाट गरिने शल्यक्रियाभन्दा रोबोटिक शल्यक्रिया धेरै आधुनिक र सटिक हुने गर्दछ। उनले भने, 'रोबोटिक सर्जरी चिकित्सा विज्ञानको एउटा अत्याधुनिक प्रविधि हो।' रोबोटले नै सबै शल्यक्रिया गर्ने नभई सर्जनले योजना बनाएर रोबोटको सहायता लिएर शल्यक्रिया गरिने उनको भनाइ छ।

चिकित्सकले प्रत्यक्ष रूपमा हातले नभई कम्प्युटरद्वारा नियन्त्रण हुने रोबोटिक हातहरूका माध्यमबाट शल्यक्रिया गरिने उनले स्पष्ट पारे।

परम्परागत प्रविधिको तुलनामा रोबोटिक प्रणाली प्रयोग गर्दा शल्यक्रियामा बिरामीको शारीरिक र मानसिक दुवै पक्षलाई ध्यानमा राखेर प्रभावकारी रुपमा संवेदनशील र जटिल उपचार गर्न सकिने डा.गुरुङको भनाइ छ।

न्यूनतम पीडा, कम रक्तश्राव, छोटो अस्पताल बसाइँ र छिटो निको हुने अवसर प्रदान गर्ने यस प्रविधिबाट विशेषगरी युरोलोजी, गाइनकोलोजी, कार्डियोथोरासिक र क्यान्सर सर्जरीमा प्रयोग उल्लेखनीय रूपमा बढी भएको डा गुरुङले बताए।

रोबोटिक सर्जरीमा उपकरण अत्यन्त संवेदनशील र सूक्ष्म हुने जनाउँदै उनले भने, 'यी उपकरणले मानव हातले गर्न नसक्ने अत्यधिक सुक्ष्म शल्यक्रिया गर्न सक्छन्।' यसले गर्दा शल्यक्रियाको क्रममा शरीरको अन्य भागमा न्यूनतम क्षति पुग्छ र शल्यक्रियाको परिणाम अत्यन्तै विश्वासिलो तथा सुरक्षित हुने डा गुरुङको भनाइ छ। सानो प्वालमार्फत शल्यक्रिया गर्न सकिने, रक्तश्राव कम हुने, कम पीडा र छिटो निको हुने भएकाले पनि धेरै बिरामीको चाहना यही प्रविधि हुने उनको भनाइ छ। अन्य प्रविधिबाट असम्भव हुने शल्यक्रिया पनि यस प्रविधिबाट गर्न सकिने डा गुरुङको भनाइ छ।

रोबोटिक शल्यक्रिया गर्दा बिरामीको सानो भागमा मात्र प्वाल पारिने भन्दै उहाँले यही कारणले गर्दा शरीरमा शल्यक्रिया गर्दाको दाग निकै सानो हुने बताए। उनले अन्य शल्यक्रियाको तुलनामा रोबोटिक शल्यक्रियामा बिरामी छिटो निको हुने बताए। उनले भने, 'रोबोटिक शल्यक्रियामा एकदमै अत्याधुनिक कम्प्युटर प्रणाली भएका कारण गतिविधि एकदम छरितो हुन्छन्, त्यसैले गर्दा ठूलो ठूलो शल्यक्रियामा धेरै फाइदा हुन्छ।'

रोबोटिक शल्यक्रिया गर्दा शुल्क केही महँगो पर्ने भए पनि अस्पताल बसाइ कम, समयको बचत, घाउ निको हुने दर उच्च र अन्य धेरै कारणले गर्दा समग्रमा बिरामीलाई फाइदा नै हुने डा गुरुङको भनाइ छ।

मेडिकल कलेजका प्रमुख प्रशासक प्रताप देवकोटाले यहाँ भित्रिएको रोबोट माइक्रोपोर्ट कम्पनीले बनाएको 'टुमाइ' नामक रोबोटिक प्रणाली भएको बताए। उनले ३२ करोड लागतमा यो प्रविधि भित्र्याइएको जानकारी दिए। उनले भने, 'यो प्रविधि चाइनामा निर्मित युरोपियन सेफ्टी 'सर्टिफिकेशन' पास गरेको छ, जसले यसको उच्च सुरक्षा मापदण्ड पुष्टि गर्दछ।'

# 'सूचनाको हकले सुशासन बलियो बनाउँछ'

**ललितपुर/मस-** सूचनाको हकलाई प्रभावकारी रूपमा कार्यान्वयन नगरी सुशासनको लक्ष्य पूरा हुन नसक्ने भन्दै सरोकारवालाहरूले सूचनाको हकलाई शासन प्रणाली सुदृढ गर्ने प्रमुख औजारको रूपमा अघि बढाउनुपर्ने बताएका छन्।



नेपाल पत्रकार महासंघ ललितपुर शाखाको संयोजन तथा बागमती गाउँपालिका, वडा नं. २ को सहकार्यमा शुक्रबार ललितपुरमा आयोजित 'सूचनाको हक प्रवर्द्धन तथा पत्रकार महासंघको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी वक्ताहरूले सूचनाको हकलाई पारदर्शिता, जवाफदेहिता र नागरिक सशक्तीकरणको आधारस्तम्भका रूपमा प्रस्तुत गरे। कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय उपाध्यक्ष तथा सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उमीदप्रसाद बागचन्दले सूचनाको हकले व्यक्ति र समाजमा सही चेतना विकास गराउने बताए।

उनले भने, 'गलत व्याख्या, भ्रम र अपप्रचार चिर्न सूचनाको हक अत्यन्तै सशक्त माध्यम हो, पत्रकारले आफ्नो विचार थोपर्ने होइन, जनताको यथार्थ अवस्था उजागर गर्ने जिम्मेवारी पूरा गर्नुपर्छ, सूचनाको हकले कसले कस्तो काम गर्‍यो भन्ने तथ्य सार्वजनिक गराएर नागरिकमा जागरूकता र निगरानी क्षमता बढाइदिन्छ।' बागचन्दले २०४७ सालमै सूचनाको हकको संवैधानिक व्यवस्था भएपनि २०६४ सम्म प्रभावकारी कार्यान्वयन नहुनुमा राज्य संरचनाले दायित्व नबुझेको भन्दै नयाँ पुस्ताको सुशासन मुख्य अपेक्षाले अहिले यो अधिकार अत्यन्तै जीवन्त बनेको बताए।

ललितपुर जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी गीता घिमिरेले पछिल्ला वर्षहरूमा सूचनाको हक प्रवर्द्धनमा पत्रकारको भूमिका उल्लेखनीय रहेको बताइन्। उनले भनिन,'जेनजी आन्दोलनको मुख्य मर्म नै सुशासन र पारदर्शिता थियो, नागरिकले पाउनुपर्ने सूचना उपलब्ध गराउन सूचना अधिकारी र पत्रकार महासंघको सहकार्य महत्वपूर्ण रह्यो, हरेक सूचना प्रमाणित र पुष्ट गरेर मात्र प्रसारण गर्ने पत्रकारिताको अभ्यासले समाजमा सकारात्मक प्रभाव पारेको छ।'

बागमती गाउँपालिका वडा नं. २ का अध्यक्ष रामबहादुर भोलुन तामाङले जनताको अपेक्षा अनुसार सेवा दिन सूचनाको हकले स्थानीय तहलाई जवाफदेही बनाउने बताए। उनका अनुसार देशमा अवसर प्रशस्त भएपनि अपारदर्शिता र कमजोर निगरानीका कारण विकासको गति प्रभावित हुने भएकाले सूचनाको हकलाई प्राथमिकतामा राख्नैपर्ने बताए।

नेपाल पत्रकार महासंघ उपत्यका प्रदेशका अध्यक्ष टेनिस रोकाले सूचनाको हकलाई लोकतान्त्रिक शासन व्यवस्थाको जीवन्त शक्तिका रूपमा व्यक्त गरे। उनले सूचनाको हकलाई प्रेस स्वतन्त्रता, नागरिक अधिकार र राज्य पारदर्शितालाई जोड्ने अटुट कडी भएको टिप्पणी गरे।

## युरोपेली...

युरोपको मागपत्र प्रमाणीकरण पुन: सुचारु हुन नसक्दा नेपाली कामदारका लागि व्यवसायीले खोजेको राम्रो अवसर र नेपाल सरकारले मागपत्र प्रमाणीकरण बापतको करोडौंको राजस्व गुमिरहेको भन्दै अध्यक्ष रावलले युरोपेली मुलुकमा कामदार पठाउने व्यवसायीहरूमा चरम निराशा छाएको बताए।

खाडी मुलुकहरू तथा मलेसिया भन्दा धेरै गुणा बढी तलब पाउने युरोपेली मुलुकहरूको मागपत्र प्रमाणीकरण रोकेर सरकारले नेपाली कामदारलाई अवैध र असुरक्षित तरिकाले जानका लागि बाध्य पारेको पनि उनले बताए।

करोडौं लगानी गरेर वैदेशिक रोजगार विभागबाट इजाजत लिएका वैधानिक संस्थालाई मागपत्र प्रमाणीकरणको तगारो हालेर रोक्ने, तर कुनै जिम्मेवारी नलिने ट्राभल एजेन्सी र कन्सल्टेन्सीलगायतलाई युट्युब, फेसबुक, टिकटकमा नक्कली विज्ञापन गराएर ठगी गर्न दिने प्रवृत्ति रहेको उनको भनाइ छ।

नयाँ सरकार गठनपछि यस विषयमा आफूसहित युरोपेली मुलुकमा कामदार पठाउने व्यवसायी पटकपटक परराष्ट्र मन्त्रालयमा पुगेर समस्या समाधानका लागि आग्रह गरेपनि कुनै सार्थक परिणाम आउन नसकेको भन्दै अध्यक्ष रावलले मागपत्र प्रमाणीकरण नगर्ने नेपाली दूतावासहरूको उदासीनताको विरोधमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघले समेत सशक्त आवाज उठाउनुपर्नेमा व्यवहारमा त्यस्तो नदेखिएको दाबी गरे।

अध्यक्ष रावलले तत्कालै मागपत्र प्रमाणीकरण भई समस्या समाधान नभए व्यवसायीले लाइसेन्स सरकारलाई जिम्मा लगाउनुपर्ने अवस्था आउने बताए।

## राजदूत...

सोलस्थित नेपाली दूतावासमा शुक्रबार भएको मन्त्री खरेलको दूतावास भ्रमणको अवसरमा कोरियामा रहेका नेपालीका समस्या समेटेर संघले ज्ञापनपत्र बुझाएको थियो। तत्कालीन गठबन्धन सरकारको कार्यकालमा डा. तुम्बाहाम्फे एमालेको कोटाबाट दक्षिण कोरियाको राजदूत नियुक्त भएकी हुन्। वर्तमान सरकारले तत्कालीन सरकारले नियुक्त गरेका ११ देशका राजदूत फिर्ता बोलाउककदा पनि डा. तुम्बाहाम्फेलाई भने बोलाएको छैन।

दूतावास भ्रमणका क्रममा सञ्चारमन्त्री खरेलले दक्षिण कोरियामा रहेका सम्पूर्ण नेपालीरूको अभिभावक बनेर काम गर्न दूतावासका अधिकारीलाई आग्रह गरे।

राजदूत डा. तुम्बाहाम्फेले सीमित कर्मचारी, गैरआवासीय नेपाल संघ (एनआरएनए)को विवादका कारण प्रभावकारी काम गर्न नसकिएको र विवादमा ल्याउन खोजिएको भन्दै नेपाल र नेपालीको हक, हितमा काम गर्न आफू प्रतिबद्ध रहेको बताइन्।

सोही अवसरमा सञ्चारमन्त्री खरेलले दक्षिण कोरियाको सियोलमा नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)को हवाई उडान सञ्चालनका लागि पहल गर्न पनि दूतावासको ध्यानाकर्षण गराए। उनले कोरियामा रोजगारीका लागि आएका नेपालीले मानसिक स्वास्थ्यका कारण भोगिरहेका विभिन्न खाले समस्या समाधानका लागि पहल गर्न पनि आग्रह गरे।

सञ्चारमन्त्री खरेलले दूतावासमा दरबन्दीअनुसार थप जनशक्ति पठाउन पहल गर्ने प्रतिबद्धतासमेत जनाएका छन्। उनले जेनजी प्रदर्शनपछि स्थिरता कायम भई देश लयमा फर्किएको र निर्वाचनउन्मुख भएको सन्देश दूतावास र कूटनीतिक नियोगले प्रवाह गर्नुपर्नेमा जोड दिए।

दक्षिण कोरियाको सियोलमा आयोजना भएको ११औं 'ग्लोबल आइसिटी लिडरसिप फोरम'मा सहभागी हुन सञ्चारमन्त्री खरेल नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै कात्तिक २५ गते त्यहाँ गएका हुन्।

## सुल्झिएन...

महिला समूह, सम्पर्क समितिलगायत फरकफरक संस्थाले दैनिकजसो खबरदारी कार्यक्रम राखेका छन्। उनीहरूले केन्द्रीय समितिलाई समेत पटकपटक ध्यानाकर्षण गरिसकेका छन्। विगत एक महिनाअघिबाट बसेको केन्द्रीय समितिको बैठकले निर्णय गर्न नसक्दा पार्टीप्रतिको भरोसा थप धुमिल हुँदै गएको छ।

महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले बहुमत महाधिवेशन प्रतिनिधिहरूको भावनाअनुसार विशेष महाधिवेशनमार्फत नयाँ नेतृत्व लिएर चुनावमा जानुपर्ने एजेन्डाबाट एक कदम पछि हटेका छैनन्। पार्टीका अघिल्ला धेरै निर्णयलाई स्वीकार गरे गल्ती गरेकोप्रति प्रायश्चित हुँदै महामन्त्री गगन थापाले अव त्यस्तो गल्ती नगर्ने भन्दै चुनावअघि महाधिवेशन वा विशेष महाधिवेशनको विकल्प खोज्न नसक्ने दृढता व्यक्त गरे। महामन्त्री गगन र विश्वको अडानबीच नयाँ समझदारीका लागि पार्टीको कार्यसम्पादन समितिको बैठक बसेको थियो। शुक्रबार बसेको सो बैठकबाट समेत सहमति जुट्न नसकेकाले शनिबार फेरि बस्ने नेताहरूले बताएका छन्।

पार्टीभित्र देखिएको समस्या समाधानका लागि कार्यवाहक सभापति खड्काले पदाधिकारीबाहिर रहेका नेताहरू शेखर कोइराला, कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधिलगायत शीर्ष नेताहरूसँग पनि छलफल गर्ने तयारी गरेका छन्। महाधिवेशनको मितिबारे सहमति नजुटे शनिबार दिउँसो २ बजेका लागि बोलाइएको केन्द्रीय समिति बैठक सर्न सक्नेछ। संस्थापन इतरका नेता डा. कोइरालाले भने पुस मसान्तभित्र नियमित महाधिवेशन गर्नेगरी पार्टीले निर्णय लिनुपर्ने मध्यमार्गी बाटो अपनाएर समस्या समाधानका उपायको खोजी गर्नुपर्ने पक्षमा छन्। 'पार्टीलाई विभाजनबाट रोक्न चुनावअघि नियमित महाधिवेशन गर्नेगरी निर्णय लिने वा केन्द्रीय समितिले नै विशेष महाधिवेशनको निर्णय गर्नुपर्छ,' नेता कोइरालाले नेताहरूलाई सुझाव दिएका छन्।

ललितपुरको धोबीघाटमा बसेको बैठकले पदाधिकारीसहित सबैसँग समन्वय गरेर पार्टीभित्रको निकास निकाल्ने जिम्मा कावा सभापति खड्कालाई दिएको सहमहामन्त्री किशोरसिंह राठौरले बताए। कार्यवाहक सभापति खड्कासहित उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले समस्याको समाधान खोज्ने उनले बताए। 'कार्यवाहक सभापतिलाई जिम्मेवारी दिएका छौं। उहाँसहित उपसभापति र महामन्त्रीहरू बसेर निकास खोज्नुहुन्छ।' पदाधिकारी बाहिर रहेका कतिपय नेताहरूको समेत सहयोगमा निकास निकाल्ने उनको भनाइ छ।

जेनजी आन्दोलनपछिको परिस्थिति हेरेर कांग्रेसको नियमित महाधिवेशन चुनावअघि नै हुनुपर्ने संस्थापन इतरको एजेन्डाबाट नेता पछि हटेका छैनन्। नियमित महाधिवेशन नभए विशेष महाधिवेशन गरेर भए पनि पार्टी नेतृत्व र नीति परिवर्तन गरेर जनतामाझ जानुपर्ने महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासहितका नेता लागेका छन्। महमन्त्रीकै अगुवाइमा देशभरका कम्तीमा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गरेका छन्। तर ती महाधिवेशन प्रतिनिधिको हस्ताक्षरसहितको आवाज दबाउन संस्थापन पक्षका नेता निरन्तर लागेका छन्। यद्यपि कम्तीमा ३० जना संस्थापन पक्षका केन्द्रीय नेताहरूले भने चुनावअघि नियमित महाधिवेशन गर्नुपर्ने माग गर्दै कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई बुझाएका छन्। असोज २८ बाट सुरु भएको केन्द्रीय समितिको बैठकमा नेताहरूले एक महिना लगाएर आफ्ना धारणा राखिसकेका छन्। शनिबारसम्म निर्णय आउने अपेक्षासहित २५ जना नेताहरूले चुनावअघि नै पार्टीको महाधिवेशन गर्नेगरी कार्यतालिका सार्वजनिक गर्न माग गरेको केन्द्रीय सदस्य डा. डिला संग्रौलाले बताइन्।

Malaysia मा रोजगार Sebiro Security Services Sdn. Bhd.
पूर्व स्वीकृती मितिः २०८२/०७/२८ चलानी नं. ६०२४७३९१ LTNo. : 333752

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 25 | 0 | काममा दक्ष | 1700 | ५८,४४०/- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ मंसिर ६ गते (22 Nov., 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।
LUCKY H.R.
लक्की एच.आर. सोलुसन प्रा. लि.
श्रम ईजाजत न.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com

कुवेतमा रोजगार
कम्पनी: DERAYAH KUWAIT COMPANY FOR SUPPLY READY MEALS शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०५/२५ चलानी नं.: ६०२२५१०६ L.T. No.: 310532 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Kd | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver /driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६९,२२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waitresses | 0 | 5 | | 120 | ५५,३८२ | | | | | | | |

कम्पनी: FALCON KUWAITIYA BUILDING,ROAD & CITY CLEANING CONTRACTING CO शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०८/०२ चलानी नं.: ६०२२८२०५ L.T. No.: 313869 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper/Cleaner | 0 | 67 | स. काममा दक्ष | 85 | ३९,२२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ६ गते (22 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शूल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शूल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शूल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शूल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शूल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

# टेलिकमको बिलिङ टेन्डर प्रक्रिया अन्योलमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ कात्तिक




नेपाल टेलिकमले नयाँ बिलिङ प्रणालीका लागि खुलाएको बोलपत्र प्रक्रिया अन्तिम चरणमा आएर विशेष अवस्थाका कारण भन्दै गत असोज ९ गते स्थगित गर्‍यो । कम्पनीले बोलपत्र आह्वानका क्रममा आवेदकको प्राविधिक मूल्यांकन पूरा गरेर आर्थिक प्रस्तावको प्रक्रिया अगाडि बढाइसकेपछि स्थगित गरेको हो ।

टेलिकमले बिलिङ प्रणालीको 'टेन्डर' प्रक्रियामा भाग लिएकामध्ये चिनियाँ कम्पनी हुवावे टेक्नोलोजिज कम्पनी लिमिटेड प्राविधिक मूल्यांकनमा पर्याप्त आधारसहित छनोट भएको सूचना प्रकाशित गरिसकेको थियो। सो सूचनामा प्राविधिक मूल्यांकनमा छनोट भएको एक मात्रै कम्पनीको आर्थिक प्रस्ताव असोज २९ गते दिउँसो १ बजे खोल्नेसमेत उल्लेख थियो ।

तर कात्तिक ७ गते टेलिकमले नयाँ सूचना जारी गरेर बोलपत्र प्रक्रियालाई अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित गरेको थियो। त्यसपश्चात् सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यही कात्तिक १३ गते बिलिङ प्रणालीको टेन्डर प्रक्रियाका सम्बन्धमा अध्ययन गर्न पूर्वसचिव मणिराम गेलालको नेतृत्वमा सात सदस्यीय एक समिति पनि गठन गरेको छ ।

हाल नेपाल टेलिकमको बिलिङ प्रणालीको काम चिनियाँ कम्पनी एसिया इन्फोले गरिरहेको छ । कम्पनीले सन् २०११ डिसेम्बरमा १० वर्षका लागि ठेक्का पाएको थियो। पटकपटक म्याद थप गरेर कम्पनीले २०२७ सेप्टेम्बरसम्मका लागि काम गरिरहेको छ ।

तर सो समय सकिनुअघि नै टेन्डर प्रक्रिया पूरा गरी नयाँ कम्पनी छनोट गर्नुपर्नेमा रोकिएपछि पुनः एसिया इन्फोकै म्याद थपिन सक्ने अनुमान गरिएको छ। नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक सविना मास्के प्रधानले २४ महिना अगाडि नै कम्पनी छनोट हुनुपर्नेमा ठेक्का ढिला हुँदा समस्या डाटा माइग्रेसनलगायतका विषयमा समस्या हुने बताएकी छन् ।

# 'बजारको स्वतन्त्रता कुण्ठित नगरी अर्थतन्त्र अगाडि बढाउनुपर्छ'



**काठमाडौं/मस-** अर्थमन्त्री रामेश्वरप्रसाद खनालले नेपालको अर्थतन्त्रको चरित्र क्रमशः परिवर्तन भइरहेको भए पनि बजारमुखी उदार आर्थिक प्रणालीलाई नै अवलम्बन गरेर अघि बढ्नुपर्ने आवश्यकता रहेको बताएका छन् ।


नेपाल राष्ट्र बैंकले शुक्रबार आयोजना गरेको 'डा. यादवप्रसाद पन्तको बहुआयामिक व्यक्तित्व र नेपालको अर्थतन्त्रमा उहाँको योगदान' विषयक विचार गोष्ठीमा बोल्दै मन्त्री खनालले राजनीतिक तथा नीतिगत अस्थिरता नेपालका लागि दीर्घकालीन चुनौती बनेको उल्लेख गरे ।

उनका अनुसार विभिन्न कालखण्डमा आन्तरिक-बाह्य, राजनीतिक तथा प्राकृतिक कारणहरूले आर्थिक क्षेत्रमा दबाब सिर्जना गर्दै आएको छ । 'अर्थतन्त्रको चरित्र बदलिँदै गएको छ, औद्योगिक क्षेत्रको योगदान घट्दो रहेकाले सेवा क्षेत्र र अन्य उत्पादनशील क्षेत्र तीव्र गतिले अगाडि बढिरहेका छन् तर हामीले बजारको स्वतन्त्रता कुण्ठित नगरीकनै अर्थतन्त्रलाई अघि बढाउनु अहिलेको आवश्यकता हो,' उनले भने ।

अर्थमन्त्री खनालले अर्थतन्त्र निराशाजनक अवस्थामा नभएको दाबी गर्दै हाल करिब ८ प्रतिशत कर्जा प्रवाहले लक्षित आर्थिक वृद्धिदर हासिल गर्न सकिने विश्वास व्यक्त गरे । नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयबीच राम्रो नीतिगत सामञ्जस्य रहेको उल्लेख गर्दै उनले आर्थिक नीति तथा राजनीतिक व्यवस्थाले समयसमयमा बाटो बिराउने गरेको पनि टिप्पणी गरे ।

सो अवसरमा नेपाल राष्ट्र बैंकका गभर्नर प्राडा विश्वनाथ पौडेलले २०२० सालको दशक र वर्तमान आर्थिक अवस्थाबीच उल्लेख्य समानता रहेको बताए । उनका अनुसार कृषि क्षेत्रमा कर्जाको प्रभावकारिता अहिलेजस्तै त्यसबेला पनि कमजोर थियो। पाँचौं योजना कार्यान्वयनका समयमा देखिएको कृषि वृद्धिदर सुस्तता, सार्वजनिक संस्थानको उच्च दायित्व, बजेटको आकारभन्दा ठुलो व्यापारघाटा तथा बैंकिङ क्षेत्रको कमजोर विस्तारजस्ता चुनौती आज पनि समान रूपमा देखिएको गभर्नर पौडेलले स्मरण गरे । गभर्नर पौडेलले राजनीतिक परिवर्तन रातारात हुन सक्ने तर आर्थिक सुधार र रूपान्तरणलाई समय लाग्नेसमेत टिप्पणी गरे ।

# वीरगन्ज भन्सारमा ६ वर्षदेखि १ सय ८५ मालवाहक कन्टेनर अलपत्र



**वीरगञ्ज/मस-** वीरगन्ज भन्सार कार्यालयमा ६ वर्षदेखि १ सय ८५ भन्दा धैरै मालवाहक कन्टेनर अलपत्र अवस्थामा रहेका छन् । कोभिड महामारीअघि तेस्रो मुलुकबाट आयात गरिएका ती मालवाहक कन्टेनर अहिले पनि वीरगन्ज भन्सार कार्यालय मातहतको सुक्खा बन्दरगाहमा बेवारिसे अवस्थामा रहेका छन् ।

आयातकर्ताले तेस्रो मुलुकबाट आयात गरेर सुक्खा बन्दरगाहमा मालवाहक कन्टेनर भित्र्याए पनि भन्सार जाँचपासको प्रक्रिया अघि नबढाउँदा ती मालवस्तुसहितका कन्टेनर अहिले पनि बन्दरगाहमा थुप्रिरहेका छन्। भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले २०७६ सालमा आयात गरिएका मालवाहक कन्टेनरमध्ये अहिले पनि १ सय ८५ वटा अलपत्र हुँदै आइरहेको जानकारी दिए ।

'त्यसबेला २ सय २० कन्टेनर आएका थिए, जसमध्ये तीन वटा कन्टेनरको आवश्यक कानुनी प्रक्रिया पूरा गरी फिर्ता भइसकेका छन्', उनले भने, 'तीमध्ये थप १४ कन्टेनर खाली भएर कानुनी प्रक्रिया पूरा हुने चरणमा पुगेको छ भने बाँकी रहेका कन्टेनर कसरी व्यवस्थापन गर्ने विषयमा आवश्यक परामर्श गरिरहेका छौं ।' ज्ञवालीले ती मालवाहक कन्टेनर ल्याउने व्यक्ति वा आयातकर्ताको पहिचान गर्न नसक्दा पनि सुक्खा बन्दरगाहमा अलपत्र हुँदै आइरहेको बताए । 'अहिले पनि १ सय ८५ मालवाहक कन्टेनर मुचुल्का उठाएर सिलबन्दी गरेर राखेका छौं,' उनले भने, 'यो कन्टेनर खाली गरेर व्यवस्थापन गर्नका लामो कानुनी प्रक्रिया पुर्‍याउनुपर्ने भएकाले पनि धेरै समय लागिरहेको छ।' सिलबन्दी गरिएका कन्टेनरमध्ये ९० वटामा केराउ, ६१ वटामा छोकडा, १० वटामा पोस्ता दाना, नौवटामा सुपारी, सातवटामा फुड सप्लिमेन्ट (आहार पूरक) र दुई कन्टेनरमा मसुरो दाल रहेको छ । भन्सार कार्यालयका अनुसार सिलबन्दी कन्टेनरमध्ये केहीमा चना, ओखर, उडन टुथब्रस, बफेल्लो हर्न, मुंग दाल र डियो स्प्रेलगायत राखिएका कन्टेनर पनि रहेका छन्। प्रमुख भन्सार प्रशासक ज्ञवालीले सुक्खा बन्दरगाहमा रहेका नष्ट गर्नुपर्ने मालवाहक कन्टेनरको विषयमा अर्थ मन्त्रालय, भन्सार विभागलगायतका निकायसँग समन्वय भइरहेको पनि बताए ।

'विगतमा कन्टेनरको मालवस्तु हेरेर ल्याब 'टेस्ट' गर्न पठाइएको थियो,' उनले भने, '६ वर्षअघि ल्याब टेस्ट गर्दा राम्रो देखिएको वस्तु तथा सामान अहिले बिग्रिएको पनि हुन सक्छन्, त्यसैले पनि नष्ट गर्नुपर्ने सामानको विषयमा फेरि ल्याब टेस्ट गर्नुपर्ने वा नपर्ने विषयमा पनि आवश्यक समन्वय भइरहेको छ ।'

# सगरमाथा लुम्बिनी इन्स्योरेन्सद्वारा वाकाथन कार्यक्रम सम्पन्न




**काठमाडौं/मस-** सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनीले बिमा सचेतना तथा वाकाथन कार्यक्रम सम्पन्न गरेको छ । कम्पनीले शुक्रबार बिहान काठमाडौंमा 'बिमा सुरक्षित भविष्यको आधार' भन्ने मूल नाराका साथ बिमा सचेतना वाकाथन सम्पन्न गरेको हो ।

यस वाकाथनको उद्देश्य सर्वसाधारणबीच बिमाको महत्वबारे जनचेतना फैलाउनु र 'सुरक्षित भविष्य' निर्माणमा बिमाको भूमिकाबारे सन्देश प्रवाह गर्नु रहेको कम्पनीले जनाएको छ। कार्यक्रम कम्पनीको नक्सालस्थित केन्द्रीय कार्यालयबाट सुरु भई नक्साल भगवती मन्दिर-नागपोखरी-गैरीधारा-प्रहरी मुख्यालय-हिल्टन होटल-नक्साल भगवती मन्दिर हुँदै पुनः केन्द्रीय कार्यालयमा समापन गरिएको थियो । झन्डै ४ किलोमिटरको सो वाकाथनमा कम्पनीको उपत्यकाभित्रका शाखा कार्यालयको करिब १ सय जना कर्मचारीहरूको सहभागिता रहेको थियो । सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत चंकी क्षेत्रीले यस किसिमका सार्वजनिक अभियानहरूले सर्वसाधारणमा बिमाप्रति सचेतना बढाउने बताए ।

# गार्डियन माइक्रो लाइफको नाफा बढ्यो

GUARDIAN
MICRO LIFE INSURANCE

**काठमाडौं/मस-** गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सको नाफामा वृद्धि भएको छ। कम्पनीले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिक वित्तीय विवरणअनुसार कम्पनीको अघिल्लो आवको तुलनामा नाफा ३३ दशमलव ६६ प्रतिशतले बढेको देखिएको हो ।

कम्पनीले सार्वजनिक गरेको वित्तीय विवरणअनुसार कम्पनीले पहिलो त्रैमासमा कम्पनीले ७० लाख ८४ हजार रुपैयाँ नाफा कमाएको छ । अघिल्लो आवको यही अवधिमा कम्पनीले ५३ लाख रुपैयाँ नाफा आर्जन गरेको थियो।

समीक्षा अवधिमा कम्पनीले १३ करोड ९ लाख रुपैयाँ कुल बिमा शुल्क संकलन गरेको छ । अघिल्लो आवको यही अवधिमा कम्पनीले ५ करोड ४१ लाख रुपैयाँ कुल बिमा शुल्क संकलन गरेको थियो । अघिल्लो आवको तुलनामा कम्पनीको कुल बिमा शुल्क आम्दानी १४१ दशमलव ९६ प्रतिशतले बढेको छ ।

